वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३



वागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

स्वास्थ्य निर्देशनालय

रामेछाप अस्पताल

रामेछाप, नेपाल

बिषयवस्तुहरु	पृष्ठ नं.
मन्तव्य	i-ii
प्रतिवेदन सम्पादन कार्यका योगदानकर्ताहरु	iii
राष्ट्रिय स्वास्थ्य निति २०७६	iv-vi

१.पृष्ठभूमी तथा परिचय (१-७)

१.१ रामेछाप जिल्लाको संक्षिप्त परिचय

१.२ रामेछाप अस्पताल, रामेछाप

१.३ संगठनात्मक संरचना

२.अस्पतालबाट प्रदान गरिने मुख्य सेवाहरुको विवरण (७-२४)

२.१ उपचारात्मक तथा निदानात्मक सेवा

२.१.१ आकस्मिक सेवा

२.१.२ अन्तरंग सेवा

२.१.३ बहिरंग सेवा

२.१.४ निदानात्मक सेवा

२.२ प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवा

२.२.१ गर्भवति जाँच सेवा

२.२.२ परिवार नियोजन सेवा

२.२.३ खोप तथा पोषण सेवा

२.२.३ मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम

२.३ अस्पताल फार्मेशी सेवा

२.४. हेमोडायलाइसिस सेवा

२.५ Medico legal सेवा

२.६ OCMC सेवा

२.७ सामाजिक सेवा एकाई अन्तर्गत निःशुल्क स्वास्थ्य सेवा

२.८ स्वास्थ्य विमा कार्यक्रम

२.९ मातृ प्रतिक्षा गृह

२.१० रिफिलिङअक्सिजन सेवा
२.११ Blood Bank Service
२.१२ Hospital Canteen

४.अस्पतालबाट प्रवाहित अन्य विविध कार्यक्रम तथा सेवाहरु (२६-२८)
४.१ इवार्स (Early Warning and Reporting System)
४.२ MPDSR कार्यक्रम
४.३ नियमित CME (Continue Medical Education) कार्यक्रम संचालन
४.४ मासिक HMIS Data Verification र समीक्षा कार्यक्रम सञ्चालन
४.५ महामारी नियन्त्रणको लागि Rapid Response Team
४.६ Continuous Professional Development (CPD)
४.७ भौतिक पुर्वाधार मर्मत सम्भार

५.अस्पतालको वर्तमान अवस्था विश्लेषण तथा भावी कार्यदिशा (२८-३१)
५.१ अस्पतालका सवल पक्षहरु
५.२ अस्पतालका प्रमुख समस्याहरु
५.३ अस्पतालका प्रमुख चुनौतीहरू
५.४ अस्पतालका वर्तमान अवसरहरु
५.५ अस्पतालको भावी कार्ययोजना
५.६ सल्लाह तथा सुझाव

७.अस्पतालका केही तस्बिरहरु (३२-३९)

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

रामेछाप अस्पताल

रामेछाप, नेपाल

मितिः२०८३/०५/१५



शुभकामना मन्तव्य

रामेछाप अस्पतालको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन प्रकाशन हुन लागेकोमा अस्पताल व्यवस्थापन समितिका तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

स्वास्थ्य सेवा नागरिकको आधारभूत आवश्यकता र अधिकार हो। जिल्लावासीलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने साझा उद्देश्यका साथ रामेछाप अस्पताल अघि बढिरहेको छ। यस वर्ष विभिन्न विशेषज्ञ चिकित्सक तथा थप सेवा विस्तार हुनु अस्पतालका लागि उत्साहजनक उपलब्धि हो। यसबाट जिल्लावासीले आफ्नै जिल्लामा उपचार सेवा पाउने अवसर बढेको छ।

अस्पतालको सेवा विस्तारसँगै बिरामीको चाप पनि बढिरहेको छ। जनशक्ति, भौतिक संरचना तथा उपकरणको आवश्यकता पूरा गर्नु अझै चुनौतीपूर्ण छ। अस्पताल व्यवस्थापन समितिले यी विषयलाई प्राथमिकतामा राख्दै सम्बन्धित निकायसँग समन्वय र सहकार्यका माध्यमबाट सुधारका प्रयास अघि बढाइरहेको छ। अस्पताललाई नागरिकको भरोसायोग्य स्वास्थ्य संस्थाका रूपमा विकास गर्न सबै पक्षको निरन्तर साथ आवश्यक छ।

यस प्रतिवेदनले अस्पतालको वार्षिक कार्यसम्पादन र सेवा प्रवाहको विवरण सार्वजनिक गरी नागरिक तथा सरोकारवालालाई जानकारी गराउनेछ। यसले अस्पतालका उपलब्धि र सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्न सहयोग पुग्ने अपेक्षा लिएको छु। प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउने अस्पताल प्रशासन, चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा सम्बन्धित सबैप्रति धन्यवाद व्यक्त गर्दछु।

अस्पतालको विकास र सेवा सुधारमा सहयोग गर्नुहुने स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, स्वास्थ्य निर्देशनालय, बागमती प्रदेश, जनस्वास्थ्य कार्यालय रामेछाप, स्थानीय तह, नागरिक समाज तथा सम्पूर्ण सरोकारवालाप्रति आभार प्रकट गर्दछु। आगामी दिनमा पनि अस्पतालको सेवा विस्तार र गुणस्तर सुधारका लागि यहाँहरूबाट साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

रामेछाप अस्पतालले जिल्लावासीको स्वास्थ्य सेवामा अझ प्रभावकारी भूमिका निर्वाह गर्दै निरन्तर प्रगति गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

यमकुमार पाखिन
अध्यक्ष
अस्पताल व्यवस्थापन समिति
रामेछाप अस्पताल

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

रामेछाप अस्पताल

रामेछाप, नेपाल

मितिः२०८३/०५/१५



शुभकामना मन्तव्य

रामेछाप अस्पतालले आ.व. २०८२/८३ का वार्षिक कार्यक्रमहरू समयमै सम्पन्न गर्दै समुदायप्रति जवाफदेही हुने अभ्यासलाई आत्मसात् गरेको छ। यस वर्ष अस्पतालबाट प्रवाह गरिएका सेवा तथा सम्पादित कार्यको एकीकृत विवरणका रूपमा वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ।

यस प्रतिवेदनमा अस्पतालका सेवा तथा सुविधाको तथ्याङ्कीय र तुलनात्मक विवरणसँगै वर्षभरि सम्पन्न क्रियाकलाप, उपलब्धि र वित्तीय व्यवस्थापनका पक्ष समेटिएका छन्। यसले अस्पतालका सेवा र कार्यसम्पादनबारे नागरिकलाई सुसूचित गर्दै पारदर्शिता प्रवर्द्धन गर्ने विश्वास लिएको छु।

अस्पतालमा विभिन्न विशेषज्ञ चिकित्सक तथा थप सेवा विस्तार गर्न सकिएको छ। यसले जिल्लावासीलाई आफ्नै जिल्लामा उपचार सेवा प्राप्त गर्न सहज बनाएको छ। तथापि, बढ्दो बिरामीको चाप, जनशक्तिको अभाव र अपर्याप्त भौतिक संरचना अझै चुनौतीका रूपमा रहेका छन्। यी चुनौती समाधान गर्दै सेवा अझ गुणस्तरीय र पहुँचयोग्य बनाउन निरन्तर सुधार तथा समन्वय आवश्यक छ।

अस्पताल सुधारमा सहयोग पुऱ्याउनुहुने स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालय, बागमती प्रदेश, अस्पताल व्यवस्थापन समिति, जनस्वास्थ्य कार्यालय रामेछाप, नागरिक समाज, चिकित्सक, स्वास्थ्यकर्मी तथा सम्पूर्ण कर्मचारीप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रतिवेदन तयार गर्न योगदान गर्नुहुने मेडिकल रेकर्डर, शाखा प्रमुख तथा कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

आगामी दिनमा अस्पतालको समग्र विकास र सेवा सुधारका लागि सबै पक्षबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राख्दै, यस प्रतिवेदनले अस्पतालका उपलब्धि र सुधारका क्षेत्र पहिचान गर्न उपयोगी योगदान पुऱ्याउने विश्वास लिएको छु।

धन्यवाद।

डा.सागर जर्घामगर
निमित्त मेडिकल सुपरीटेण्डेन्ट

आ.व. २०८२/८३ को बार्षिक प्रतिवेदन सम्पादन कार्यका योगदानकर्ताहरु

क्र.स.	नाम, थर	पद
१	डा.सागर जर्घामगर	निमित्त मेडिकल सुपरीटेण्डेन्ट
२	श्री यशोदा बराल	वरिष्ठ नर्सिङ अधिकृत
३	डा.सृजन गौतम	मेडिकल अधिकृत
४	डा.मनिला बस्नेत	मेडिकल अधिकृत
५	डा.संगिता तामाङ	डेन्टल सर्जन
६	श्री इन्द्र राई	मेडिकल ल्याब टेक्नोलोजिष्ट
७	श्री डोर बहादुर श्रेष्ठ	जनस्वास्थ्य निरिक्षक
८	श्री सविता शर्मा	अस्पताल नर्सिङ निरिक्षक
९	श्री बसन्त तामाङ	हे.अ.
१०	श्री छविलाल घर्ति मगर	नायब सुब्बा
११	श्री नविन भण्डारी	लेखापाल
१२	श्री किसन कुमार शाह	रेडियोग्राफी निरिक्षक
१३	श्री प्रविण भट्टराई	सहायक फार्मेसिष्ट
१४	श्री स्मारिका चौधरी	स्टाफ नर्स
१५	श्री वन्दना कुमारी ठाकुर	स्टाफ नर्स
१६	श्री दुर्गा ढकाल	स्टाफ नर्स
१७	श्री रिना हायू	स्टाफ नर्स
१८	श्री सम्पदा सापकोटा	नेत्र सहायक
१९	श्री प्रेम बहादुर बस्नेत	सहायक प्रशासन
२०	श्री अस्मिता थापा मगर	कम्प्यूटर अपरेटर

राष्ट्रिय स्वास्थ्य निति २०७६

१. पृष्ठभुमि

नेपालको सविधानले आधारभुत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गणुस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो। सविधान बमोजिम राज्यका संघ, प्रदेश र स्थानीय तह ले सम्पादन गर्ने कार्यहरूको एकल तथा साझा अधिकार सूची, नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले विभिन्न समयमा गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरु एवं स्वास्थ्य क्षेत्र भित्रका समस्या र चनौतीहरू, उपलब्ध स्रोत साधन तथा प्रमाणलाई समेत आधार बनाई राष्ट्रिय स्वास्थ्य नीति २०७६ तर्जुमा गरी जारी गरिएको छ।

२ औचित्य, सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्य

२.१. औचित्य

विद्यमान समस्या तथा चुनौतीहरुको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवम संघीय संरचना अनुरुप विद्यमान स्वास्थ्य नीति, रणनीति तथा कार्यक्रमहरूलाई परिमार्जन गरी संघीयतामा आधारित राष्ट्रिय स्वास्थ्य नीति प्रतिपादन गर्न आवश्यक छ। विद्यमान स्वास्थ्य सेवालाई निरन्तरता दिदै यसका उपलब्धिहरूलाई समेत दिगो राख्दै राज्यको संघीय संरचना, अधिकार क्षेत्र तथा दायित्व अनुरुप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ। नेपालले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरू लाई सम्बोधन गर्नका लागि एवं नेपालले सहस्राब्दी विकास लक्ष्यहरूमा प्राप्त सफलतालाई कायम राख्दै दिगो विकासको लक्ष्य हासिल गर्नका लागि समेत यो नीति अनिर्वाय छ।

२.२. निर्देशक सिद्धान्त

संघीय संरचना अनसारको स्वास्थ्य प्रणाली मार्फत सविधान प्रदत्त नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्न देहाय बमोजिमका निर्देशक सिद्धान्तहरुका
आधारमा यो नीति प्रतिपादन गरिएको छ।

क) गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचमा अविच्छिन्न पर्याप्तता, पारदर्शिता र व्यापकता।
ख) संघीय संरचना अनुरुप स्वास्थ्य प्रणालीमा बहुक्षेत्रीय सहभागिता, सहकार्य र साझेदारी।
ग) अति सिमान्तकृत दलित र आदिवासी समुदायलाई लक्षित विषेश स्वास्थ्य सेवा।
घ) स्वास्थ्य सुशासन र पर्याप्त आर्थिक लगानीको सुनिश्चितता।
ङ) समतामुलक स्वास्थ्य बिमाको विविधीकरण।
च) स्वास्थ्य सेवामा पुन संरचना।
छ) सबै नीतिमा स्वास्थ्य तथा बहुक्षेत्रीय समन्वय र सहकार्य ।
ज) स्वास्थ्य सेवा प्रवाहमा व्यवसायिकता, इमानदारी, पेसागत नैतिकता ।

२.३. भावी सोच

स्वास्थ्य तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिक ।

२.४. ध्येय

साधन स्रोतको अधिकतम एवं प्रभावकारी प्रयोग गरी सहकार्य र साझदारी मार्फत नागरिकको स्वास्थय सम्बन्धी मौलिक हक सुनिश्चित गर्ने।

२.५. लक्ष्य

सघीय सरचनामा सबै वर्गका नागरिकका लागि सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने ।

२.६. उद्देश्यहरू

२.६.१. संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी हक सबै नागरिकले उपभोग गर्न पाउने अवसर सिर्जना गर्न।

२.६.२. सघीय सरचना अनुरूप सबै किसिमका स्वास्थ्य प्रणालीलाई विकास, विस्तार र सुधार गर्नु।

२.६.३. सबै तहका स्वास्थ्य सस्थाहरूबाट प्रदान गरिने सेवाको गुणस्तरीय सुधार गर्दै पहुँच सुनिश्चित गर्ने ।

२.६.४ अति सिमान्तकृत वर्गलाई समेट्दै सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिलाई सुदृढ गर्ने।

२.६.५. सरकारी, गैर-सरकारी तथा निजी क्षेत्र संग बहुक्षेत्रीय साझेदारी, सहकार्य तथा सामुदायिक सहभातगिालाई प्रबर्धन गर्ने।

२.६.६. नाफामुलक स्वास्थ्य क्षेत्रलाई सेवामुलक स्वास्थ्य सेवामा रूपान्तरण गर्दै लाने।

३. नितिहरु

३.१. सबै तहका स्वास्थ्य सस्थाहरूबाट तोकिए बमोजिम निःशुल्क आधारभुत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

३.२. स्वास्थ्य बिमा मार्फत विशेषज्ञ सेवाको सुलभ पहुच सुनुश्चित गरिनेछ ।

३.३. सबै नागरिकलाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

३.४. स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना, सुधार एवं विकास तथा विस्तार गरिनेछ ।

३.५. स्वास्थमा सर्वव्यापनी पहुँच (Universal Health Coverage) को अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ ।

३.६. स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैर-सरकारी क्षेत्र बिचको सहकार्य तथा साझेदारीलाई प्रबर्द्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा, सेवा र अनुसन्धानका क्षेत्रमा निजी, आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन एवं सरक्षण गरिनेछ ।

३.७. आयुर्वेद, प्राकृति चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणाली लाई एकिकृत रुपमा विकास र विस्तार गरिनेछ ।

३.८. स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भुगोल र संघीय संरचना अनुरुप सीप मिश्रित तथा दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।

३.९. सेवा प्रदायक व्यक्ति तथा संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषद्हरुको संरचनाको विकास, विस्तार तथा सुधार गरिनेछ ।

३.१०. गुणस्तरीय औषधी तथा प्रविधिजन्य स्वास्थ्य सामाग्रीको आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्दै, कुशल उत्पादन, आपूर्ति, भण्डारण, वितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन मार्फत पहुँच एवं समुचित प्रयोग सुनिश्चित गरिनेछ ।

३.११. सरुवा रोग, किटजन्य रोग, पशुपन्छी रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकीकृत उपाएहरु अवलम्बन गरिनेछ ।

३.१२. नसर्ने रोगहरु रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति परिवार समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार वनाउदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

३.१३. पोषणको अवस्थालाई सुधार गर्न, मिसावट युक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

३.१४. स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरुलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गरिनेछ ।

३.१५. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकिरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकिकृत स्वास्थ्य सूचना प्रणालीको विकास गरिनेछ।

३.१६. स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हकको प्रत्याभूति गरिनेछ ।

३.१७. मानसिक स्वास्थ्य, मुख, आँखा, नाक कान घाँटी स्वास्थ्य लगायतका उपचार सेवालाई विकास र विस्तार गरिनेछ ।

३.१८. अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गरिनेछ ।

३.१९. स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समायनुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ।

३.२०. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर-किशोरी तथा प्रजनन स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाको विकास तथा विस्तार गरिनेछ ।

३.२१. स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तिय स्रोत तथा विशेष कोषको व्यवस्था गरिनेछ।

३.२२. बढ्दो सहरीकरण, आन्तरिक तथा बाह्य बसाइसराइ जस्ता विषयहरुको समायनुकूल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्य सम्बन्धी समस्याहरुलाई समाधान गरिनेछ

३.२३. जनसांख्यिक तथ्यांक व्यवस्थापन, अनुसन्धान तथा विष्लेषण गरी निर्णय प्रक्रिया तथा कार्यक्रम तर्जुमासँग आवद्ध गरिनेछ ।

३.२४. प्रति-जैविक प्रतिरोधलाई न्यूनिकरण गर्दै संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि एकद्धार स्वास्थ्य प्रद्धतिको विकास तथा विस्तार गरिनुका साथै वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण लगायतका वातावरणीय प्रदुषणका साथै खाद्यन्न प्रदुषणलाई वैज्ञानिक ढंगले नियमन तथा नियन्त्रण गरिनेछ ।

३.२५. आप्रवासन प्रक्रियाबाट जनस्वास्थ्यमा उत्पन्न हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न तथा विदेशमा रहेका नेपाली नागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि समुचित व्यवस्थापन गरिनेछ।

१. पृष्ठभूमी तथा परिचय



१.१ रामेछाप जिल्लाको संक्षिप्त परिचय

रामेछाप जिल्ला बागमती प्रदेशका १३ जिल्लामध्ये एक हो। बागमती प्रदेशको राजधानी हेटौंडा हो। यस रामेछाप जिल्ला २७°२८′ देखि २७°५०′ उत्तरी अक्षांश र ८५°५०′ देखि ८६°३५′ पूर्वी देशान्तरसम्म फैलिएको छ। महाभारत पर्वत शृङ्खलादेखि उच्च हिमाली क्षेत्रसम्म फैलिएको यस जिल्लाको उचाइ समुद्री सतहबाट करिब ४२६ मिटरदेखि नुम्बुर हिमचुलीको ६,९५८ मिटरसम्म रहेको छ। जिल्लाको कुल क्षेत्रफल १,५४६ वर्ग किलोमिटर छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार रामेछाप जिल्लाको जनसङ्ख्या १,७०,३०२ रहेको छ। जिल्लाको पूर्वमा ओखलढुङ्गा र सोलुखुम्बु, पश्चिममा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक, उत्तरमा दोलखा तथा दक्षिणमा सिन्धुली जिल्ला रहेका छन्। यहाँ तामाङ, क्षेत्री, बाहुन, नेवार, शेर्पा, सुनुवार, माझी, पहरी, भुजेललगायत विभिन्न जातजातिको बसोबास छ। रामेछाप प्राकृतिक, भौगोलिक तथा सांस्कृतिक विविधताले सम्पन्न जिल्ला हो। जिल्लाको भूगोल र बस्तीहरूको अवस्थिति विविध भएकाले स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न अस्पताल तथा अन्य स्वास्थ्य संस्थाबीच समन्वय र प्रभावकारी सेवा प्रवाह आवश्यक छ।

१.२ रामेछाप अस्पतालः-

क) परिचयः-



बागमती प्रदेश, रामेछाप जिल्ला, रामेछाप नगरपालिका-८, रामेछाप बजारमा अवस्थित रामेछाप अस्पताल बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयअन्तर्गतको स्वास्थ्य सेवा प्रदायक संस्था हो। ५४ रोपनी ३ आना १४ पैसा क्षेत्रफलमा फैलिएको यस अस्पतालले स्थानीय समुदायका सेवाग्राहीलाई न्यून शुल्कमा सर्वसुलभ तथा गुणस्तरीय उपचारात्मक, प्रतिकारात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ।

अस्पतालले पालिका अन्तर्गतको अस्पताल, स्वास्थ्य चौकी तथा जिल्लाभरका अन्य स्वास्थ्य संस्थाबाट प्रेषित सेवाग्राहीलाई सेवा प्रदान गर्दै रेफरल केन्द्रका रूपमा समेत कार्य गरिरहेको छ। प्रतिकारात्मक सेवाको उपलब्धता नियमित बनाउन अझै सुधार आवश्यक भए तापनि, अस्पताल

जिल्लाको प्रमुख स्वास्थ्य संस्थाका रूपमा सेवा प्रवाहमा जिम्मेवार भूमिका निर्वाह गर्दै आएको छ।

ख) रामेछाप अस्पतालको विकासक्रमः-



रामेछाप अस्पतालको स्थापना वि.सं. २०२० मा रामेछाप हेल्थ सेन्टरका रूपमा भएको थियो। वि.सं. २०५० मा जिल्ला स्वास्थ्य कार्यालय, रामेछापअन्तर्गत रहने गरी १५ शय्याको जिल्ला अस्पतालका रूपमा स्वीकृति प्राप्त भयो। जनशक्ति तथा भौतिक पूर्वाधारको अभावका बाबजुद १५ शय्यासहित अन्तरङ्ग सेवा स्थापना विभिन्न सेवा विस्तार गरि सुचारु गरिएको थियो।

आ.व. २०७५/७६ देखि संघीय संरचनाअनुसार अस्पताल बागमती प्रदेश सरकारअन्तर्गत सञ्चालन हुँदै आएको छ। अस्पताल विकास समितिले आफ्नै स्रोतसाधनबाट थप १५ शय्याको व्यवस्था गरेपछि अस्पताल ३० शय्याको स्वीकृत क्षमतामा नियमित सञ्चालन भएको थियो।

आ.व. २०७९/८० मा बागमती प्रदेश सरकारले अस्पताललाई ५० शय्यामा स्तरोन्नति गरेपछि सेवा क्षमता अभिवृद्धिका लागि विभिन्न सेवा समूहका विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीको व्यवस्था गरिएको छ। यससँगै विशेषज्ञ चिकित्सकसहितको बहिरङ्ग सेवा विस्तार गरी सेवाग्राहीलाई परामर्श, स्वास्थ्य परीक्षण, रोग पहिचान तथा उपचार सेवा प्रदान गरिँदै आएको छ। अस्पतालमा शल्यक्रिया सेवा सञ्चालनका साथै सघन उपचार आवश्यक पर्ने बिरामीका लागि ICU/HDU सेवा र नियमित डायलाइसिस आवश्यक पर्ने बिरामीका लागि डायलाइसिस सेवा उपलब्ध गराइएको छ। यी सेवाको विस्तारले जिल्लाभित्रै विशेषज्ञ तथा विशिष्टीकृत उपचार प्राप्त गर्ने अवसर बढाएको छ। साथै, जटिल अवस्थाका बिरामीको उपचार र आवश्यकताअनुसार थप उपचारका लागि प्रेषण व्यवस्थापनमा समेत अस्पतालको भूमिका सुदृढ भएको छ।



ग) रामेछाप अस्पतालको प्राथमिकता तथा लक्ष्यहरुः-

- **दीर्घकालिन सोचः** स्वस्थ, उत्पादनशील, जिम्मेवार तथा सुखी नागरिक निर्माणमा योगदान पुऱ्याउन रामेछाप अस्पताललाई कम्तीमा १०० शय्यामा स्तरोन्नति गर्ने।

- **लक्ष्य** : सबल स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने।

- **उद्देश्यहरु :**
  - उपलब्ध स्रोत तथा साधनको अधिकतम उपयोग गरी स्वास्थ्य सेवाहरुको विकास र विस्तार गर्ने।
  - सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाका लागि यस अस्पतालको उत्तरदायित्व र प्रभावकारीता, अभिवृद्धि गर्दै स्वास्थ्य क्षेत्रलाई जनउपयोगी तथा सेवामुलक क्षेत्रको रुपमा क्रमशः रुपान्तरण गर्ने ।
  - स्वास्थ्य सेवामा पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउदै स्वास्थ्य जीवनशैली प्रबर्द्धन गर्ने ।
  - गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी स्वास्थ्य क्षेत्रमा सरकारले लिएका अठोट एवं दिगो विकासका लक्ष्य प्राप्त गर्न सरकारलाई सघाउ पुल्याउने ।
  - विशेषज्ञ चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीको व्यवस्थापन र निरन्तरतामार्फत विशेषज्ञ सेवा सुदृढ गर्ने।
  - आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्था गरी शल्यक्रिया, सघन उपचार र डायलाइसिसलगायतका विशिष्टीकृत सेवा विस्तार गर्ने।
  - अस्पताललाई कम्तीमा १०० शय्यामा स्तरोन्नति गर्न आवश्यक योजना तथा स्रोत व्यवस्थापन गर्ने।
  - सेवाग्राहीमैत्री, सुरक्षित र प्रभावकारी सेवा प्रवाहका लागि अभिलेख, रेफरल तथा व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने।

- **प्राथमिकताका आधारहरु :**



१. सेवाग्राहीमैत्री, सुरक्षित र प्रभावकारी सेवा प्रवाह।
२. लक्षित वर्ग सहायता कार्यक्रमहरु
३. बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक तथा शल्यक्रिया सेवाको गुणस्तर र पहुँच अभिवृद्धि।
४. आवश्यक उपकरण, औषधि तथा स्वास्थ्य सामग्रीको नियमित उपलब्धता।
५. भौतिक निर्माण विस्तार तथा सुदृढिकरण गर्ने
६. अस्पतालजन्य फोहोरमैला व्यवस्थापन, स्वच्छता तथा संक्रमण रोकथामका उपाय सुदृढीकरण।
७. अस्पतालको स्वास्थ्य अभियानमुलक कार्यक्रमहरु संचालन गर्ने आदि।

घ) मुलभुत मान्यता

- इमान्दारीता, जवाफदेहिता/उत्तरदायी, पारदर्शिता, समुह कार्य
- विरामीप्रति नरम र शिष्ट व्यवहार, सम्मान, सेवाभाव

ङ) अस्पतालको भौतिक पुर्वाधार

१.३ संगठनात्मक संरचना

मेडिकल सुपरटेन्डेन्ट (नवौं/ दशौं तह) अस्पताल प्रमुख रहने अस्पतालमा जम्मा ६० स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी रहेको छ, जसमा हाल उपलब्ध स्थायी कर्मचारी ३० जना छन् भने दरबन्दी अनुसार मेडिकल सुपरटेन्डेन्ट पद रिक्त रहेकाले हाल अस्पतालमा कार्यरत स्थायी मेडिकल अधिकृत (अर्थोपेडिक सर्जन) डा.सागर जर्घामगरज्यूले नि.मेडिकल सुपरटेन्डेन्टको रूपमा सम्पुर्ण जिम्मेवारी बहन गरिरहनुभएको छ ।

अस्पतालको दरबन्दी तेरिज यस प्रकार रहेको छ ।

क्र.स.	पद, नाम	तह	सेवा	समूह	दरबन्दी सं.	कैफियत
१	ब/ मेडिकल सुपरिन्टेण्डेन्ट	९/१०	स्वास्थ्य	ज.हे.स.	१	
२	ब/क.ज. फिजिसियन	९/१०	स्वास्थ्य	मेडिसिन	१	
३	ब/क.अब्स तथा गाईनेकोलोजिष्ट	९/१०	स्वास्थ्य	अब्स. गाईने	१	
४	ब/क.पेडियाट्रीसियन	९/१०	स्वास्थ्य	पेडियाट्रीक्स	१	
५	ब/क. जनरल सर्जन	९/१०	स्वास्थ्य	सर्जरी	१	
६	ब/क.अर्थोपेडिक सर्जन	९/१०	स्वास्थ्य	सर्जरी अर्थो.	१	
७	मेडिकल अधिकृत	८	स्वास्थ्य	ज.हे.स.	८	
८	डेन्टल सर्जन	८	स्वास्थ्य	डेन्टिष्ट्रि	१	
९	नर्सिङ अधिकृत	७	स्वास्थ्य	जनरल नर्सिङ	१	
१०	मेडिकल ल्याब टेक्नोलोजिष्ट	७	स्वास्थ्य	मे.ल्या.टे	१	
११	एनेस्थेटिक सहायक	५/६/७	स्वास्थ्य	विविध	१	
१२	फार्मेसि सहायक	५/६/७	स्वास्थ्य	फार्मेसि	१	
१३	बायोमेडिकल टेक्निसियन	५/६/७	स्वास्थ्य	विविध	१	
१४	ल्याव टेक्निसियन	५/६/७	स्वास्थ्य	मे.ल्या.टे	३	
१५	स्टाफ नर्स	५/६/७	स्वास्थ्य	जनरल नर्सिङ	१३	
१६	हेल्थ असिष्टेन्ट	५/६/७	स्वास्थ्य	हे.अ.	४	
१७	रेडियोग्राफर	५/६/७	स्वास्थ्य	रेडियोग्राफी	३	
१८	मेडिकल रेकर्डर सुपरभाईजर	५	स्वास्थ्य	मे.रेकडर्स	१	
१९	सहायक/अधिकृत	५/६	प्रशासन	सा.प्र.	१	

२०	सहायक/अधिकृत	५/६	प्रशासन	सा.प्र.	१	
२१	अ.न.मी./प.हे. नर्स	४/५/६	स्वास्थ्य	क.न.	२	
२२	अ.हे.व./हे.अ.	४/५/६	स्वास्थ्य	हे.ई.	२	
२३	डेन्टल हाईजिनिष्ट	४/५/६	स्वास्थ्य	डेन्टिष्ट्रि	१	
२४	सहायक कम्प्युटर अपरेटर	४/५/६	प्रशासन	विविध	१	
२५	हलुका सवारि चालक	श्रेणी विहिन	ई	मे.ई.	१	
२६	स्वीपर (का. सहयोगी सरह)	श्रेणी विहिन	प्रशासन	सा.प्र.	९	
जम्मा					६०	

स्वीकृत दरबन्दीको बर्तमान स्थितिः-

क्र.स.	पद, नाम	तह	स्वीकृत दरबन्दीको विवरण			स्वीकृत दरबन्दी पदपुर्ति	कैफियत
			स्वीकृत	पदपुर्ति	रिक्त		
१	ब/ मेडिकल सुपरिन्टेण्डेन्ट	९/१०	१	०	१	०	
२	ब/क.ज. फिजिसियन	९/१०	१	०	१	०	
३	ब/क.अब्स तथा गाईनेकोलोजिष्ट	९/१०	१	०	१	०	
४	ब/क.पेडियाट्रीसियन	९/१०	१	०	१	०	
५	ब/क. जनरल सर्जन	९/१०	१	०	१	१	करारमा
६	ब/क.अर्थोपेडिक सर्जन	९/१०	१	०	१	०	
७	मेडिकल अधिकृत	८	७	१	६	४	३ जना करार
८	डेन्टल सर्जन	८	१	०	१	१	करारमा
९	नर्सिङ अधिकृत	७	१	१	०	१	काजमा
१०	मेडिकल ल्याब टेक्नोलोजिष्ट	७	१	१	०	१	
११	एनेस्थेटिक सहायक	५/६/७	१	१	०	१	करारमा
१२	फार्मेसि सहायक	५/६/७	१	१	०	१	करारमा
१३	बायोमेडिकल टेक्निसियन	५/६/७	१	१	०	१	
१४	ल्याब टेक्निसियन	५/६/७	३	३	०	३	
१५	स्टाफ नर्स	५/६/७	१३	१०	३	१२	२ जना करारमा
१६	हेल्थ असिष्टेन्ट	५/६/७	४	४	०	४	
१७	रेडियोग्राफर	५/६/७	३	२	१	३	१ जना करारमा
१८	मेडिकल रेकर्डर सुपरभाईजर	५	१	०	१	०	
१९	सहायक/अधिकृत	५/६	१	१	०	१	
२०	सहायक/अधिकृत	५/६	१	१	०	१	

२१	अ.न.मी./प.हे. नर्स	४/५/६	२	०	२	१	१ जना करारमा
२२	अ.हे.व./हे.अ.	४/५/६	२	१	१	२	१ जना करारमा
२३	डेन्टल हाईजिनिष्ट	५/६	१	०	१	१	करारमा
२४	सहायक कम्प्युटर अपरेटर	४/५/६	१	०	१	१	करारमा
२६	स्वीपर (का. सहयोगी सरह)	श्रेणी विहिन	९	२	७	७	५ जना करारमा
जम्मा			६०	३०	३०	४७	

छात्रबृति करारमा कार्यरत कर्मचारीहरुः-

क्र.स.	पद	श्रेणी/तह	पदपुर्ती संख्या	कैफियत
१	क.अर्थोपेडिक सर्जन	९	१	
२	ब/क.ज. फिजिसियन	९	१	
३	ब/क.अब्स तथा गाईनेकोलोजिष्ट	९	२	
४	क.साइक्याट्रसियन	९	१	
५	MDGEP&EM	९	१	
६	मेडिकल अधिकृत	८	४	
७	डेन्टल सर्जन	८	२	
८	नर्सिङ अधिकृत	७	६	
९	फार्मेशी अधिकृत	७	५	
कुल संख्या			२३	

कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुः-

क्र.स.	पद	श्रेणी/तह	पदपुर्ती	कैफियत
१.	ल्याब टेक्निसियन	पाचौं	१	CEONC and OCMC Program, ART counseller, SSU
२.	स्टाफ नर्स	पाचौं	२	
३.	स्वीपर (का. सहयोगी सरह)	श्रेणी विहिन	७	
४.	परामर्शकर्ता	चौथो	१	
कुल संख्या			११	

नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरु

क्र.स.	पद	श्रेणी/तह	पदपुर्ती	कैफियत
१	जनस्वास्थ्य निरिक्षक	छैटौ	१	
२	सि.अ.न.मी	पाचौं	१	
३	नेत्र सहायक	पाचौं	१	करारमा

कुल संख्या			३	
अस्पताल विकाश समिति अन्तर्गत कार्यरत कर्मचारीहरु				
क्र.स.	पद	श्रेणी/तह	पदपुर्ती	कैफियत
१	फिजियोथेरापी सहायक	पाँचौ	१	
२	सा.प्र.	चौथो	१	
३	ह.स.चा.	श्रेणी विहिन	१	
कुल संख्या			२	
स्वीकृत अस्थायी दरबन्दी अन्तर्गत कार्यरत कर्मचारीहरु				
क्र.स.	पद	श्रेणी/तह	पदपुर्ती	कैफियत
१	स्वीपर (का. सहयोगी सरह)	श्रेणी विहिन	३	
२	ह.स.चा.	श्रेणी विहिन	१	
कुल संख्या			४	

२.अस्पतालबाट प्रदान गरिने मुख्य सेवाहरुको बिवरण

२.१ उपचारात्मक तथा निदानात्मक सेवा


रामेछाप अस्पतालबाट सेवाग्राहीको स्वास्थ्य अवस्था र आवश्यकताअनुसार उपचारात्मक तथा निदानात्मक सेवा प्रदान हुँदै आएको छ। आकस्मिक सेवासहित अस्पतालका चौबीसै घण्टा सञ्चालन हुने सेवाहरू निम्नानुसार छन्:

२.१.१ आकस्मिक सेवा



अस्पतालबाट प्रदान गरिने यो सेवामा हरेक दिन तीन सिफ्ट ड्यूटि अनुसार खटाइएका स्वास्थ्यकर्मी तथा ड्युटीमा रहेका मेडिकल अधिकृत र अनकलमा रहेका विशेषज्ञ चिकित्सकहरुले प्रत्येक दिन चौबिस घण्टा सेवा प्रदान गर्ने गर्दछन। यो सेवा प्रवाहको लागि रामेछाप अस्पतालले ६ वटा बेडको व्यवस्था गरेको छ। दुर्घटना, चोटपटक, अचानक देखिएका स्वास्थ्य समस्या तथा तत्काल उपचार आवश्यक पर्ने अवस्थाका सेवाग्राहीलाई प्राथमिक स्वास्थ्य परीक्षण, आवश्यक उपचार र निगरानी प्रदान गरिन्छ। बिरामीको अवस्थाअनुसार सम्बन्धित विशेषज्ञ सेवा वा थप उपचारका लागि रेफरलको व्यवस्था गरिन्छ। आकस्मिक सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति, उपकरण तथा सामग्रीको व्यवस्थापन गरी सेवाग्राहीलाई समयमै उपचार उपलब्ध

गराउने प्रयास गरिएको छ। आकस्मिक शाखाबाट प्रदान गरिएको सेवा यस प्रकार प्रस्तुत गरिएको छ।



२.१.२ अन्तरंग सेवा

क) General Inpatient ward




रामेछाप अस्पतालमा बिरामीको स्वास्थ्य अवस्था, उपचारको आवश्यकता तथा चिकित्सकको सिफारिसका आधारमा अन्तरङ्ग सेवा प्रदान गरिँदै आएको छ। यस सेवाअन्तर्गत मेडिकल वार्डमा १२, प्रसूति वार्डमा १०, पेडियाट्रिक वार्डमा ८ र सर्जरी वार्डमा ७ गरी जम्मा ३७ शय्याको व्यवस्था गरिएको छ। अन्तरङ्ग सेवाको वेड शुल्क निःशुल्क रूपमा सञ्चालन हुँदै आएको छ। अन्तरङ्ग सेवामा भर्ना भएका बिरामीको हेरचाह तथा उपचारलाई निरन्तरता दिन नर्सिङ कर्मचारीलाई दैनिक तीन सिफ्टमा खटाइएको छ। बिरामीको अवस्थाअनुसार विशेषज्ञ चिकित्सक तथा चौबीसै घण्टा ड्युटीमा रहने चिकित्सकबाट नियमित जाँच र उपचार गरिन्छ। आवश्यकताअनुसार सम्बन्धित वार्डबाट निगरानी तथा नर्सिङ सेवा उपलब्ध गराइन्छ।

अस्पतालमा भर्ना भएका बिरामीलाई बिहानको नास्ता, दिउँसोको खाना तथा बेलुकाको खाना निःशुल्क उपलब्ध गराइँदै आएको छ। यस व्यवस्थाले उपचारका क्रममा बिरामीलाई आवश्यक आधारभूत खानपान उपलब्ध गराउन र अन्तरङ्ग सेवा सहज रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याएको छ।

Data / Fiscal Years	२०८०/०८१	२०८१/८२	२०८२/८३
Admission Clients	९२२	९५६	७७४
Refer Clients	१६३	७०	६७
Average length of stay in hospital	३.५	३.७	४.१८
Bed occupancy rate	३०.४	२६.६	२१.०५
Hospital bed turnover Interval	१३५.४	१६७.८८	२३७.२८
Hospital bed turnover rate	२.६	२.१३	१.५१

ख) सुरक्षित प्रसुति सेवा तथा प्रशुतिजन्य शल्यक्रिय सेवाः



रामेछाप अस्पतालमा गर्भवती तथा सुत्केरी महिलाका लागि प्रसूति सेवा उपलब्ध छ। प्रसूति वार्डमा १० शय्याको व्यवस्था गरी स्वास्थ्यकर्मीमार्फत प्रसवपूर्व जाँच, प्रसव व्यवस्थापन तथा प्रसवपछिको आवश्यक हेरचाह र परामर्श प्रदान गरिँदै आएको छ। प्रसूति हुनु अगावै वा सो पश्चात अस्पतालमा मातृ प्रतीक्षा गृहको समेत व्यवस्था गरिएको छ।

आमा सुरक्षा कार्यक्रमअन्तर्गत सामान्य प्रसूति (Normal Delivery) सेवा निःशुल्क उपलब्ध गराइन्छ। आवश्यकताअनुसार गरिने शल्यक्रियामार्फत प्रसूति (Cesarean Section-CS) सेवा CEONC कार्यक्रमअन्तर्गत निःशुल्क प्रदान गरिन्छ। जटिल अवस्था भएका गर्भवती तथा सुत्केरी महिलालाई आवश्यक उपचार र निगरानीको व्यवस्था गरिन्छ।

प्रसूति शल्यक्रिया (Cesarean Section-CS) सेवा आ.व. २०७८/७९ देखि सुरु भई नियमित रूपमा सञ्चालन हुँदै आएको छ। यस सेवाले प्रसूतिसम्बन्धी शल्यक्रियाका लागि अन्यत्र जानुपर्ने अवस्थालाई कम गर्नुका साथै मातृ मृत्युदर न्यूनीकरणमा समेत सकारात्मक योगदान पुऱ्याएको छ।

गर्भपतन सेवाः

रामेछाप अस्पतालमा प्रचलित कानुन तथा स्वास्थ्य मापदण्डअनुसार सुरक्षित गर्भपतन सेवा प्रदान गरिन्छ। सेवाग्राहीलाई गोपनीयता, सम्मान र परामर्शसहित सेवा उपलब्ध गराइन्छ। सेवा लिनुअघि आवश्यक स्वास्थ्य जाँच तथा परामर्श गरिन्छ र सेवापश्चात् आवश्यक हेरचाह, परिवार नियोजनसम्बन्धी जानकारी तथा अनुगमनको व्यवस्था गरिन्छ।

प्रसुती सेवा र सुरक्षित गर्भपतनका तथ्याङ्क यस प्रकार रहेका छन्।


Delivery Service Elements and Indicator

Data / Period	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
Total Delivery	१२७	१२८	१०३
Total Normal delivery	८६	८०	६९

Total C/S Delivery	३९	४८	३४
Total vacuum/forceps delivery	२	०	०
Twins Delivery	१	२	०
Total Live Birth	१२५	१३१	१०३
Still Birth	०	१	०
Received Mother Transport Incentive from Safe motherhood Program	१२७	१२८	१०३
Received Mother ANC Incentive from Safe motherhood Program	८०	७८	७९
Abortion Service			
Total Abortion service received	५३	७३	२१

ग) SNCU Services

रामेछाप अस्पतालमा नवजात शिशुको स्वास्थ्य अवस्था जटिल हुँदा आवश्यक उपचार तथा निगरानी प्रदान गर्ने उद्देश्यले आ.व.२०८०/८१ देखि ३ शय्याको नवजात शिशु सघन उपचार सेवा (SNCU) नियमित रूपमा सञ्चालन हुँदै आएको छ। जन्मदेखि २८ दिनसम्मका नवजात शिशुलाई यस सेवाअन्तर्गत निःशुल्क उपचार उपलब्ध गराइन्छ। प्रभावकारी रुपमा सेवा सञ्चालन गर्न यस वर्ष अस्पतालमा कार्यरत सम्पुर्ण चिकत्सक तथा नर्सिङ कर्मचारीहरुलाई SNCU सम्बन्धि अभिमुखिकरण कार्यक्रम समेत सम्पन्न गरिएको छ। तालिम प्राप्त चिकित्सक तथा नर्सिङ कर्मचारीहरु चौबीसै घण्टा उपलब्धताले नवजात शिशुको स्वास्थ्य अवस्था मूल्याङ्कन, आवश्यक उपचार तथा निरन्तर निगरानी गर्न सहज भएको छ। सेवा लिन आउने नवजात शिशुको संख्या अघिल्लो वर्षको तुलनामा बढेको छ। यस सेवाले नवजात शिशुलाई समयमै उपचार उपलब्ध गराउन तथा उपचारका लागि टाढा जानुपर्ने अवस्थालाई कम गर्न सहयोग पुऱ्याएको छ।





घ) शल्यक्रिया सेवा (Surgery Service)



रामेछाप अस्पतालले सामान्य तथा जटिल दुवै प्रकारका शल्यक्रिया सेवा प्रदान गर्दै आएको छ। उपलब्ध शल्यक्रिया सेवाको दायरा विस्तार गर्ने क्रममा आ.व. २०८२/८३ देखि हाडजोर्नीसम्बन्धी शल्यक्रिया सेवा सञ्चालनमा ल्याइएको हो। यसअन्तर्गत हड्डी भाँचिएका बिरामीको आवश्यकताअनुसार अर्थोपेडिक शल्यक्रिया सेवा उपलब्ध गराइँदै आएको छ। यस सेवाको विस्तारले हाडजोर्नीसम्बन्धी शल्यक्रियाका लागि अन्यत्र जानुपर्ने अवस्थालाई कम गर्दै अस्पतालबाटै आवश्यक उपचार प्राप्त गर्ने अवसर बढाएको छ।

निम्नानुसार प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा गरिएको जटिल र सामान्य दुवै किसिमका शल्यक्रिया सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या गत तथा विगतका आर्थिक वर्षको तुलनामा केहि रुपमा बढेको पाईन्छ।

क्र.स.	अप्रेशन सेवाको प्रकार	आ.व. २०८०/०८१		आ.व. २०८१/८२		आ.व. २०८२/८३	
		महिला	पूरुष	महिला	पूरुष	महिला	पूरुष
१	प्रसुतिजन्य शल्यक्रिया (C/S)	३९	०	४८	०	३४	०
२	अर्थोपेडिक शल्यक्रिया	०	०	०	०	३३	४४
३	हाइड्रोशिल	०	१	०	०	०	०
४	Minor OT	५	३	३	१	१०	२५

२.१.३. बहिरंग सेवा




रामेछाप अस्पतालको बहिरङ्ग सेवा सार्वजनिक बिदाका दिनबाहेक प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म नियमित रूपमा सञ्चालन हुँदै आएको छ। बहिरङ्ग सेवाअन्तर्गत जनरल ओपीडी, मेडिसिन सेवा, दन्तरोग, स्त्री तथा प्रसूति रोग, आँखारोग, बालरोग, मानसिक तथा नशारोग, हाडजोर्नीसम्बन्धी आदि सेवाहरु उपलब्ध छन्। यस सेवाअन्तर्गत सेवाग्राहीको स्वास्थ्य परीक्षण, रोग पहिचान, उपचार तथा आवश्यक परामर्श उपलब्ध गराइन्छ। चिकित्सकको सिफारिसअनुसार प्रयोगशाला, एक्स-रे, भिडियो एक्स-रे तथा अन्य निदानात्मक सेवाका लागि सहजीकरण गरिन्छ। थप उपचार आवश्यक पर्ने बिरामीलाई अस्पतालको सम्बन्धित सेवा वा

अन्य स्वास्थ्य संस्थामा प्रेषण गरिन्छ। साथै विशेषज्ञ चिकित्सकको उपलब्धता तथा बहिरङ्ग सेवाको विस्तारसँगै अस्पतालमा सेवा लिन आउने बिरामीको चाप बढ्दो क्रममा रहेको छ।


क)बार्षिक सेवाग्राही चाप

निम्नानुसार प्रस्तुत गरिएको तथ्यांक अनुसार अस्पतालको गत आर्थिक वर्षको तुलनामा यस आ.व. २०८२/८३ मा बहिरंग सेवा अन्तर्गत सेवाग्राहीको संख्या बढेको देखिन्छ, विशेषज्ञ चिकित्सकको उपलब्धता भएको कारणले गर्दा ओ.पि.डि.सेवामा प्रत्यक्ष प्रभावित रहेको देखिन्छ।



ख) आँखा ओ.पि.डि. सेवा


रामेछाप अस्पतालमा आँखा सेवा वि.स. २०७८ साल मंसिर महिना देखि रामेछाप नगरपालिकाबाट कर्मचारी व्यवस्थापन गरि नेत्र सहायकमार्फत आँखासम्बन्धी बहिरङ्ग सेवा प्रदान हुँदै आएको छ। सेवाग्राहीको आँखाको प्रारम्भिक जाँच गरी आवश्यक परामर्श दिइन्छ। दृष्टि परीक्षणका आधारमा आवश्यकताअनुसार चश्माको नम्बर निर्धारण तथा चश्मा फिटिङ सेवा पनि उपलब्ध गराइन्छ। थप उपचार आवश्यक देखिएका सेवाग्राहीलाई सम्बन्धित विशेषज्ञ वा स्वास्थ्य संस्थामा प्रेषण गरिन्छ।






ग) दन्त ओ.पि.डि. सेवा


रामेछाप अस्पतालमा सञ्चालित दन्त ओपिडि सेवा आ.व. २०७४/७५ को जेष्ठ देखि बाहरिङ्ग सेवा अन्तर्गत नियमित रुपमा सञ्चालन गर्ने गरिन्छ। दन्त शाखामा स्वीकृत दरबन्दीबाट १ जना डेन्टल सर्जन र १ जना डेन्टल हाईजिनिष्ट करार सेवामा नियुक्त गरि साथै नेपाल सरकार छात्रवृत्ति अन्तर्गतका डेन्टल सर्जन गरि हाल ४ जनाबाट सेवा प्रदान भइरहेको छ। दिनानुदिन यो सेवा लिने सेवाग्राहीको संख्या वृद्धि भएको छ। साथै प्रदेश सरकार बाट प्राप्त वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश अस्पतालहरु मार्फत ६५ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई निःशुल्क दन्त सहयता सामाग्री CD/RPD सहयोग कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा रहेको छ।






ग) फिजियोथेरापी सेवा

रामेछाप अस्पतालमा आ.व. २०८२/८३ को माघ महिनादेखि फिजियोथेरापी सेवा सञ्चालनमा ल्याइएको छ। प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमका साथै अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट थप बजेट विनियोजन गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको हो। यसबाट अस्पतालमा फिजियोथेरापी सेवा विस्तार गरी नियमित रूपमा बहिरङ्ग सेवाअन्तर्गत सेवा प्रदान हुँदै आएको छ।





२.१.४ निदानात्मक सेवा

क) एक्स-रे सेवा



रामेछाप अस्पतालले निदानात्मक सेवाको दायरा विस्तार गर्दै सेवाग्राहीलाई समयमै आवश्यक जाँच तथा उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले एक्स-रे सेवा सञ्चालन गर्दै आएको छ। सेवाग्राहीको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी यो सेवा चौबीसै घण्टा उपलब्ध गराइएको छ, जसबाट आकस्मिक अवस्थामा समेत आवश्यक एक्स-रे जाँच गर्न सकिन्छ।

आ.व. २०८०/८१ सम्म अस्पतालमा १०० mA क्षमताको एक्स-रे मेसिनमार्फत सेवा प्रदान हुँदै आएकोमा सेवाको क्षमता तथा गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले ५०० mA क्षमताको डिजिटल रेडियोग्राफी (DR) एक्स-रे मेसिनको व्यवस्था गरी सेवा विस्तार गरिएको छ। यसले आवश्यकताअनुसार जाँच सेवा प्रदान गर्न र निदान प्रक्रियालाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ।

एक्स-रे सेवा सञ्चालन तथा जाँचका लागि आवश्यक रेडियोग्राफरको व्यवस्था गरिएको छ। चिकित्सकको सिफारिसअनुसार बिरामीको अवस्थाबमोजिम परीक्षण गरिन्छ। परीक्षणबाट प्राप्त नतिजाले रोग पहिचान, उपचार योजना निर्माण तथा उपचारको अनुगमनमा सहयोग पुऱ्याउँदै आएको छ। यस सेवाको विस्तारले अस्पतालबाटै निदानात्मक सेवा प्राप्त गर्ने अवसर बढाउनुका साथै आवश्यक जाँचका लागि अन्यत्र जानुपर्ने अवस्थालाई कम गर्न योगदान पुऱ्याएको छ।

ख) इसिजि सेवा


रामेछाप अस्पतालमा सेवाग्राहीको स्वास्थ्य अवस्था तथा आकस्मिकतालाई ध्यानमा राखी मुटुसम्बन्धी समस्या पहिचान र उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले ईसीजी सेवा चौबीसै घण्टा उपलब्ध गराइएको छ। यो सेवा इमर्जेन्सी, अन्तरङ्ग तथा बहिरङ्गलगायत सम्बन्धित शाखामार्फत प्रदान हुँदै आएको छ।

ईसीजी सेवा सञ्चालनका लागि आवश्यक उपकरण सम्बन्धित शाखाहरूमा व्यवस्था गरिएको छ। सेवाग्राहीलाई निर्धारित न्यूनतम शुल्कमा सेवा प्रदान गरिन्छ भने स्वास्थ्य बीमामा आबद्ध सेवाग्राहीका लागि बीमाको दररेटअनुसार शुल्क लाग्ने व्यवस्था छ।

ग) भिडियो ए-क्सरे सेवा

शनिवार र सार्वजनिक विदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजे देखि ४:०० बजेसम्म यो सेवा प्रदान गर्ने गरिन्छ यसका साथै सेवाग्राहीको अवस्था तथा आकस्मिक अवस्थामा यो सेवा चौविसै घण्टा दक्ष चिकित्सकबाट प्रदान गर्ने व्यवस्था रामेछाप अस्पतालले गरेको छ। यो सेवा नेपाल सरकारले तोकेका लक्षित समूहलाई निशुल्क रुपमा सेवा प्रदान गरिन्छ। गत आर्थिक बर्षको तुलनामा यस आर्थिक वर्षमा भिडियो एक्स रे सेवा पाएका सेवाग्राहिहरुको संख्यामा उल्लेखनीय रुपमा वृद्धी भएको छ।

रामेछाप अस्पतालमा रोग पहिचान तथा उपचार प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यले चिकित्सकको सिफारिसअनुसार भिडियो एक्स-रे सेवा प्रदान गरिन्छ। यस सेवाका लागि आवश्यक उपकरण तथा जनशक्तिको MDGP&EM चिकित्सक, स्त्रीरोग विशेषज्ञ चिकित्सक तथा तालिम प्राप्त मेडिकल अधिकृतद्धारा जाँच गरिन्छ। यस सेवा शनिवार, आईतबार र सार्वजनिक विदाका दिन बाहेक प्रत्येक दिन बिहान ०९:०० बजे देखि बेलुका ५:०० बजेसम्म यो सेवा प्रदान गर्ने गरिन्छ, यसका साथै सेवाग्राहीको अवस्था तथा आकस्मिक अवस्थामा यो सेवा चौविसै घण्टा दक्ष चिकित्सकबाट प्रदान गर्ने व्यवस्था अस्पतालले गरेको छ।





घ) प्रयोगशाला सेवा


रामेछाप अस्पतालमा रोग पहिचान, उपचार तथा स्वास्थ्य अवस्थाको अनुगमनका लागि आवश्यक प्रयोगशाला परीक्षण सेवा चौबीसै घण्टा प्रदान हुँदै आएको छ। चिकित्सकको सिफारिसअनुसार सेवाग्राहीको आवश्यकता र अवस्थाबमोजिम विभिन्न परीक्षण गरिन्छ। सेवा सञ्चालनका लागि आधुनिक उपकरण, आवश्यक सामग्री तथा जनशक्तिको व्यवस्था गरिएको छ। प्रयोगशालामा



एक जना मेडिकल ल्याब टेक्नोलोजिस्ट र चार जना मेडिकल ल्याब टेक्निसियन कार्यरत छन्।

साविकको प्रयोगशाला कक्ष साँघुरो तथा अपर्याप्त भएकाले आ.व. २०८२/८३ मा प्रयोगशालालाई फराकिलो र पर्याप्त स्थानमा स्थानान्तरण गरिएको छ। यसबाट प्रयोगशाला सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन सहयोग पुगेको छ। प्रगोशाला सेवा अन्तर्गत CLIA Machine, Fully Bio-chemistry Analyzer, Fully Automatic Hematology Analzyer, ESR Anlayzer, Disttiled Plant Water लगायतका आधुनिक उपकरण उपलब्ध छन्। यी उपकरणले विभिन्न प्रयोगशाला परीक्षणलाई प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याएका छन्। यस सेवा अन्तर्गत Hematology, Parasitology, Biochemistry, Bacteriology, Serology, cytology, Immunology test And Endocrinology गर्ने गरिन्छ।

विगत ३ बर्षको प्रयोगशालाबाट सेवा लिने सेवाग्राहीहरुको विवरण यसप्रकार रहेको छ।





रामेछाप अस्पतालबाट उपलब्ध प्रयोगशाला जाँच तथा सेवाहरुः-

१.Hematology

- CBC(TLC, DLC, Hb, Platelates, RBC, PCV, HCV, MCHC, MCV), ESR
- Smear MP MP Total
- Blood Group & Rh Type
- HBA1C, BT/CT, PT/INR

२.Bio-Chemistry

- Blood glucose f/pp/R
- S/Creatinine, Uric Acid, Sodium(Na+), Potassium(K+), Blood Urea
- S/Bilirubin total & Direct, SGOT, SGPT, Alkaline Phosphatase
- Total Cholesterol, Triglycercide, HDL Cholesterol, LDL Cholesterol, VLDL
- S/Amylase, Total Protein, Iso Troponin

३.Parasitology

- Urine R/E, Stool R/E, Urine Pregnancy Test, Urine for Acetone,
- Occult Blood Test, Stool for Reducing Sugar, Semen Analysis

४. Immunology +Virology

- HIV, HbsAg, Hep.E, VDRL, HCV, CD४ Count,
- Troponine I, H. Pylori, Mantoux
- Dengue RDT, Scrub Typhus, RK-३९ MP RDT, MP PBS
- ASO Titre, CRP qualitative, RA Factor qualitative, Widal

५. Bacteriology

- Urine C/S, AFB Stain

६. Hormone/Endocrine

- T३, T४, TSH, Vitamin D, Vitamin B12, TPSA, Beta-HCG

Type of Test	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२	आ.व. २०८२/८३
Hematology	३२१८२	४२६०१	३४११२
Immunology	५९५१	४०१३	४६०६
Bio-Chemistry	२५१४५	३१८२१	३३७५१
Bacteriology	२१०	७१२	२६९
Virology	१०२७	१२५४	१७८०
Parasitology	४०५६	४६५८	३५६४
Hormone/Endocrine	३२५५	४६४३	३२९८
Total	७१७३१	८९७०२	८१३८०

ङ) Visual inspection with acetic acid (VIA) Screening

विश्व स्वास्थ्य संगठनले पाठेघरको मुखको क्यान्सर उन्मुलन रणनीति २०२० मा ३० वर्ष भन्दा माथिका महिलाहरुलाई वा उच्च जोखिममा परेका महिलाहरुलाई पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गरी उन्मूलन गर्ने रणनीति बमोजिम यस अस्पतालमा पनि समयमै सम्भावित क्यान्सरको अवस्था बारे पहिचान गरि परामर्श तथा सम्भावित विरामीहरुलाई निदान तथा उपचारको आवश्यकता अनुसार उपचार र प्रेषण गर्ने कार्य गरिरहेको छ। परीक्षण तथा परामर्श सेवा निःशुल्क रुपमा प्रदान गरिन्छ।

२.२ प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवा

रामेछाप अस्पतालले उपचारात्मक सेवासँगै रोगको रोकथाम तथा स्वास्थ्य प्रवर्द्धनात्मक र प्रतिकारात्मक सेवालाई प्राथमिकता दिँदै आएको छ। सेवाग्राहीलाई स्वस्थ जीवनशैली, सरसफाइ, पोषण, रोगका लक्षण तथा रोकथामका उपायबारे परामर्श र जानकारी प्रदान गरिन्छ। साथै, स्वास्थ्य परीक्षण तथा आवश्यक परामर्शमार्फत रोगको जोखिम पहिचान गरी समयमै उपचार र व्यवस्थापनका लागि सहजीकरण गरिन्छ।

आ.व. २०८२/८३ मा अस्पतालका विभिन्न सेवा तथा शाखामार्फत प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा प्रदान गरिएको छ। यी सेवाले स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि, रोगको रोकथाम तथा समुदायको स्वास्थ्य सुधारमा सहयोग पुऱ्याएका छन्। उक्त सेवाहरु देहाय अनसार रहेको छ।

२.२.१ गर्भवति जाँच सेवा

अस्पतालबाट प्रबर्द्धनात्मक सेवा अन्तर्गतको यो सेवा सार्वजनिक विदाका दिन बाहेक नियमित रूपमा विहान ०९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म सञ्चालन हुने गर्दछ । यो सेवा गर्भावस्थाका महिलाहरुलाई प्रदान गरिन्छ ।

सेवाको उद्देश्य

- मातृ तथा नवशिशु मृत्युदर घटाउनु।
- गर्भावस्थामा उच्च जोखिममा रहेका महिलाहरुलाई समयमै पहिचान, व्यवस्थापन र जटिलतालाई अस्पतालमै व्यवस्थापन गर्न नसकिने देखिएमा उचित स्थानमा प्रेषण गर्नु।
- गर्भवती महिलालाई गर्भावस्था देखिनु परिवार नियोजनको उचित परामर्श दिनु रहेको छ।

रामेछाप अस्पतालले यो सेवा प्रवाह गर्नका लागि तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीहरुको व्यवस्था गरको छ। सेवा दिदाँ दक्ष तथा तालीम प्राप्त नर्सिङ्ग स्टाफ तथा चिकित्सकले निशुल्क रुपमा गर्भ जाँच गर्नुका साथै उचित परामर्श सेवा प्रदान गर्ने गर्दछन्। यो सेवा सँग सम्बन्धित महत्वपूर्ण तथ्याङ्कहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

गर्भवति परिक्षण समय	उमेर समुह	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
ANC First Visit	<२० Years	५	२	३
	≥२०Years	५७	३४	७५
ANC ४th Month Visit	<२० Years	०	३	२
	≥२०Years	१३	२१	३४
ANC Visit as per	<२० Years	१	०	२

protocal	≥२०Year	१२	८	२८

२.२.२ परिवार नियोजन सेवा

रामेछाप अस्पतालले प्रबर्द्धनात्मक सेवा अन्तर्गत स्थाई तथा अस्थाई दुबै किसिमका परिवार नियोजनको सेवा प्रदान गर्दै आइरहेको छ। अस्पतालले यो सेवा प्रदान गर्नका लागी दक्ष एवम् तालिम प्राप्त जनशक्तिको व्यवस्था गरेको छ । अस्थायी र स्थायी परिवार नियोजन सेवाका लागी अस्पतालले संस्थागत क्लिनिकबाट यो सेवा प्रवाह गराउदै आएको छ ।

परिवार नियोजनका साधनहरु हाल अपनाई रहेका सेवाग्राहीको संख्यालाई देहाय अनुसार उल्लेख गरिएको छ।

क्र.स.	परिवार नियोजनको साधन (Current User)	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
	अस्थायी साधन			
१	Condom(CYP)	४२८३	१८५३	२९८०
२	Pills New uses	१९	१०	१०
	Pills Current User	६	४	४
३	Depo New User	३३	५५	४५
	Depo Current User	३६	६३	४५
४	Implant New User	२२	२४	६
	Implant Current User	४५९	५३४	५६१
५	IUCD New User	१४८	८	३
	IUCD Current User	१४७	१६८	१७६

२.२.३ खोप तथा पोषण सेवा



रामेछाप अस्पतालबाट प्रतिकारात्मक सेवा अन्तर्गत रहेको यो सेवामा नवजात शिशु तथा बालबालिका लाई दिइने नियमित खोप रामेछाप न.पा. को समन्वयमा प्रत्येक महिनाको २१ गते प्रदान गरिन्छ भने गर्भवती महिलालाई लगाइने टिटि खोप प्रत्येक हप्ताको सोमवार र बिहीबारका दिन प्रदान गरिन्छ। यस सेवा अन्तर्गत राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका सम्पूर्ण खोपहरु उपलब्ध हुने गर्दछ। अस्पतालमा आउने बालबालिकाहरुका लागि तौल नापजाँच, परीक्षण तथा परामर्श

प्रदान गरि आवश्यक पोषणका बारेमा अभिभावकलाई सचेत गराउने तथा बालबालिकाको जोखिमका आधारमा बालभिटा सर्वोत्तम पिठो तथा Ready to use Therapetutic food (RUTF) प्रदान गरिन्छ।

२.२.३ मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः

रामेछाप अस्पतालबाट प्रवर्द्धनात्मक र प्रतिकारात्मक सेवा अन्तगर्त प्रदेश सरकारबाट प्राप्त कार्यक्रम मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रहि ३० वर्ष वा सो भन्दा माथिका नागरिकहरुलाई नसर्ने रोगको परिक्षण, निदान, परामर्श र उपचार सेवा आ.व. २०८२/८३ मा ८४ जनालाई सेवा प्रदान गरिएको छ। अस्पतालमा चिकित्सकद्वारा नसर्ने रोगसम्बन्धी इतिहास र शारीरिक जाँच, दम-खोकीको क्याट टेस्ट, तौल, उचाइ र पेटको मोटाइ, श्वासप्रश्वास, रक्तचाप नाप, मधुमेह तथा महिलाका लागि भीआइएको निःशुल्क परीक्षण प्रदान भईरहेको छ। यस कार्यक्रममा पिसाब, दिसा, रगत, मिर्गौला, कलेजो, लिपिड प्रोफाइल, फोक्सो, छातीको एक्सरे, इसिजी र युसजी परीक्षण हुन्छ।

	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२	आ.व. २०८२/८३
सेवाग्राहीहरुको सं.	७५७	४८५	८४

२.३ अस्पताल फार्मेशी सेवा



रामेछछाप अस्पतालले फार्मेशी सेवा २४ सैं घण्टा सिफ्टवाईज डिउटी व्यस्था मिलाई सञ्चालन गरेको छ। यस फार्मशीबाट नेपाल सरकारबाट सूचीकृत निशुल्क वितरण गरिने औषधी तथा औषधीजन्य सामाग्रीहरु साथै स्वास्थ्य बीमा तथा सशुल्क अन्तर्गतको औषधीहरु विक्रि वितरण गरिन्छ। हाल यस फार्मेशीमा ३०० भन्दा बढी प्रकारका औषधीहरु उपलब्ध रहेको छ। अस्पतालमाको स्वीकृत दरबन्दी अन्तगर्त १ जना फार्मशी सहायकको दरबन्दी रहेता पनि नेपाल सरकारबाट छात्रवृत्तीबाट कामकाजमा खटिएका ३ जना फार्मेशी अधिकृत सहित जम्मा ४ जनाबाट नियमित २४ सैं घण्टा सेवा प्रदान गरिएको छ। औषधीहरुको विक्रि बितरणको डिजिटल मध्यमबाट बिलिङको व्यवस्था रहेको छ।

२.४ हेमोडायलाइसिस सेवा




बागमति प्रदेश सरकार साविकको स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र बागमती प्रदेश र KFW Project बाट डायलाइसिस मेसिन ५ वटा र अन्य उपकरण लगायत बजेटको व्यवस्था भई मिति

२०७९/११/०१ बाट सेवा प्रदान गर्न शुरु गरिएकोमा हाल यस आ.व. मा १८ जना मृगौला विरामीलाई निःशुल्क रूपमा नियमित डायलाइसिस सेवा तथा आवश्यकता अनुसार इमर्जेन्सी डायलाइसिस सेवा प्रदान गरिएको छ। नेपाल सरकारको विपन्न नागरिक औषधी उपचार कार्यक्रम अन्तर्गत सूचिकृत भई यस अस्पतालले विपन्न नागरिकहरुलाई निरन्तर निःशुल्क रुपमा सेवा प्रदान गर्दै आएकोछ तर उक्त सेवा प्रदान गरे बापत स्वास्थ्य बीमा बोर्डले यस अस्पताललाई प्रति शेसन रु.२५००/- को दरले शोधभर्ना उपलब्ध गरेको छ। मौज्दातमा रहेको डायलालईसिस मेशिनहरुमा बराम्बार समस्या देखिने तथा केही थान मेशिनहरु मर्मत संभार हुन नसक्ने अवस्थामा रहेको हुँदा सेवा प्रवाहमा कठाई समेत देखा परेको छ। उक्त कठिनाई सहजिकरण गर्ने स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र हेटौडाबाट आ.व. २०८२/८३ मा २ थान डायलाईसिस मेशिन उपलब्ध गरि सेवा सञ्चालनमा सहजिकरण भएको छ।

२.५ Medico legal सेवा

अस्पतालबाट प्रदान गरिने यो सेवाका लागी प्रत्येक दिन दक्ष चिकित्सकहरु उपलब्ध गराईन्छ। यस सेवा अन्तर्गत रामेछाप अस्पतालले पोष्टमार्टम सेवा, मादक पदार्थ सेवन जाँच सेवा घाउ चेकजाँच सेवा तथा शारिरिक परिक्षण सेवा उपलब्ध गराउदै आएको छ। यसका साथै अस्पतालले पोष्टमार्टम सेवाका लागी मर्चरी च्याम्बर सहित अलग्गै भवनको व्यवस्था गरेको छ। यस सेवा सँग सम्बिन्धित केहि तथ्यांक निम्नानुसार प्रस्तुत गरिएको छ।



२.६ OCMC सेवाः-

यस अस्पतालमा लैंगिक हिंसासंग सम्बन्धित तथा स्वास्थ्य क्षेत्रमा सामाजिक समावेशिकरण एवम् लैंगिक समानतालाई सुदृढ गर्नका लागी एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना गरिएको

छ। लैगिक हिंसाबाट पिडित समूहलाई जुनसुकै अवस्थामा पनि यो सेवा प्रदान गर्ने गरिन्छ । अस्पतालले यो सेवाको लागी आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न तालिम प्राप्त मेडिकल अधिकृत र मनोसामाजिक परामर्शकर्ताका रुपमा एकजना स्टाफ नर्सको व्यवस्था गरेको छ। यस केन्द्रमा आएका सेवाग्राहिको स्वास्थ्य जाँच अस्पतालका चिकित्सकले गर्दै आइरहनु भएको छ। जातिय, राजनितिक, धार्मिक तथा सामाजिक अवस्थाबाट पिडितहरुलाई आवश्यक सहयोग प्रदान गर्नुनै यस केन्द्रको मुख्य उद्देश्य रहेको छ।

यस केन्द्रबाट प्रदान गरिएका सेवाहरु

क्र.स.	हिंसाका प्रकारहरु	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३
१	बलात्कार	०	०	०
२	यौनजन्य दुर्व्यवहार	०	१	०
३	शारिरिक दुर्व्यवहार	१५	१३	४
४	बाल विवाह र जबर्जस्ति	०	०	०
५	स्रोत साधन र अधिकारबाट बञ्चित	०	६	२
६	मानसिक दुर्व्यवहार	२	२	२
७	परम्परागत आधारमा भेदभाव	०	०	०
जम्मा		१७	१७	८

२.७ सामाजिक सेवा एकाई अन्तर्गत निःशुल्क स्वास्थ्य सेवा



रामेछाप अस्पतालले सामाजिक सेवा प्रदान गर्न तय गरिएका लक्षित समूहहरुको स्वास्थ्य सेवामा उचित सर्वसुलभ निःशुल्क र समतामूलक पहुँच सुनिश्चित गर्ने उद्देश्य बमोजिम सामाजिक सेवा एकाई अन्तर्गत लक्षित वर्गका लागि आ.व. २०७९/०८० असार देखी १ जना कर्मचारीहरुबाट सेवा प्रदान गर्दै आईरहेको छ।

सामाजिक सेवा एकाई अन्तर्गत निःशुल्क स्वास्थ्य सेवाका उद्देश्यहरु निम्नानुसार उल्लेख गरिएको छ।

- लक्षित समूहका विरामीको स्वास्थ्य सेवामा समतामूलक पहुंच एवम् उपयोग वृद्धि गर्ने
- लक्षित समूहसम्म निःशुल्क तथा आशिक छुटमा विशेषज्ञ सेवाहरु उपलब्ध गराउने
- स्वास्थ्य सम्बन्धी विमा लगायत सामाजिक सुरक्षा कार्यक्रमहरुको संयोजन एवम् सहजीकरण गर्ने

- व्यवस्थित पारदर्शी र प्रभावकारीरुपले सक्षित समूहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्ने ।

सामजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समूह निम्नानुसाररहेका छन

- गरिव, असहाय, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, लैंगिक हिसापीडित (बालबालिका समेत), महिला स्वास्थ्य स्वयंसेविका, प्राकृतिक प्रकोपबाट पिडित, शहीद परिवार, कुपोषित बालबालिका, प्रहरीले ल्याएका थुनुवा, दुर्घटनामा परेका आकस्मिक बिरामी,सिमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजाती, अन्य (अस्पतालले स्थानीयताको आधारमा लक्षित समूह निधारण गर्न सक्नेछन ।

अस्पतालले माथि उल्लेखित लक्षित वर्गहरुले अस्पतालको विभिन्न शाखाबाट प्राप्त गरेको सेवा संख्याको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ ।

क्र.स	सेवाहरु	अक्षीत बर्गहरु	२०८०/८१	२०८१/८२	२०८२/८३
१	बहिरंग सेवा	अतिगरीब,गरीब,अपांगता भएका व्याक्ति तथा असहाय जेष्ठ नागरिक,FCHV, लैंगिक हिंसाबाट पिडित	२३१	१२६	७०
२	अन्तरंग सेवा	अतिगरीब,गरीब,अपांगता भएका व्याक्ति तथा असहाय जेष्ठ नागरिक,FCHV, लैंगिक हिंसाबाट पिडित	६९	७२	३५
३	आकस्मिक सेवा	अतिगरीब,गरीब,अपांगता भएका व्याक्ति तथा असहाय जेष्ठ नागरिक,FCHV, लैंगिक हिंसाबाट पिडित	६४	६१	३७

२.८ स्वास्थ्य विमा कार्यक्रम

रामेछाप अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध सेवाग्राहीलाई बीमा नियमावली तथा निर्धारित सेवा प्याकेजअनुसार मिति २०७६ साल जेठ महिनादेखि स्वास्थ्य सेवा प्रदान गर्रिदै आएको छ। बीमित सेवाग्राहीले अस्पतालबाट उपलब्ध सेवाहरूका लागि तोकिएको प्रक्रिया पूरा गरी सेवा लिन सक्ने व्यवस्था छ। यस कार्यक्रमले सेवाग्राहीको स्वास्थ्य सेवामा पहुँच सहज बनाउन तथा उपचार खर्चको आर्थिक भार कम गर्न सहयोग पुऱ्याएको छ।

२.९ मातृ प्रतिक्षा गृह





सरकारले मातृ स्वास्थ्यमा सुधार ल्याउन दुर्गम क्षेत्रका २० जिल्लामा मातृ प्रतिक्षा गृह सञ्चालनमा ल्याएको छ जसमध्ये रामेछाप जिल्ला पनि एक हो र यस रामेछाप अस्पतालमा स्थापना गरिएको छ। उक्त गृहमा प्रसूति समय अगाडिको स्वास्थ्य जाँच र औषधिको सुविधासहितको सुविधा हुने गर्दछ। बाल मृत्युदर र मातृ मृत्युदर घटाउने वातावरण तयार गर्ने अभिप्रायले यातायातको सामान्य पहुच नभएको स्थानका गर्भवती महिलालाई समयमै अस्पतालको सेवा प्रदान गर्न प्रतिक्षा गृहको निमार्ण गरिएको छ।यस मातृ प्रतिक्षा गृहले रामेछाप जिल्लाका दुर्गम क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई लाभ हुने देखिएको छ।साथै आ.ब.२०८२/०८३ मा १४ जना सेवागार्हीहरुले सेवा लिनुभएको छ।

२.१० रिफिलिङ अक्सिजन सेवा

यस अस्पतालमा आउने विरामीहरुका लागि सहज रूपमा समयमा नै अक्सिजन प्रदान गर्ने उद्देश्यले आ.व. २०७७/०७८ मा अस्पताल परिसरमा अक्सिजन प्लान्ट स्थापना गरिएको हो। यस प्लान्टबाट ३००० लि प्रतिघण्टा अक्सिजन उत्पादन हुने क्षमता रहेको छ । यस उत्पादनबाट रामेछाप जिल्ला भित्रका अन्य विरामीहरुलाई पनि आवश्यकता अनुसार अक्सिजन सिलिन्डर भर्ने तथा विक्रि वितरण गर्ने कार्य भइरहेको छ। यस सेवाले बिरामीहरुलाई अक्सिजन सिलिन्डर भर्न काठमाडौं जानुपर्ने बाध्यतालाई समाधान भएको छ।

२.११ Blood Bank Service

रामेछाप अस्पतालमा आफ्नै रक्तसञ्चार सेवा सञ्चालनमा रहेको छ। यस सेवामार्फत बिरामीलाई आवश्यक रगतको समूह परीक्षण, रगतको उपलब्धता तथा सुरक्षित रक्तसञ्चारसम्बन्धी सेवा प्रदान गरिन्छ। चिकित्सकको सिफारिस र बिरामीको आवश्यकताअनुसार सेवा उपलब्ध गराउँदै आएको यस इकाइले आकस्मिक तथा नियमित उपचारमा सहयोग पुऱ्याएको छ।

२.१२ Hospital Canteen

रामेछाप अस्पताल परिसरमा सेवाग्राही, बिरामीका कुरुवा तथा अस्पतालमा कार्यरत कर्मचारीलाई सहज रूपमा खाना तथा खाजा उपलब्ध गराउने उद्देश्यले चमेना गृह सञ्चालनमा रहेको छ। चमेना गृहबाट स्वच्छता र सरसफाइमा ध्यान दिँदै आवश्यक खाद्य तथा पेय पदार्थ उपलब्ध गराइन्छ। यसले अस्पतालमा आउने सेवाग्राही तथा कुरुवालाई परिसरभित्रै आधारभूत सुविधा प्राप्त गर्न सहयोग पुऱ्याएको छ।

अस्पतालको वित्तिय व्यवस्थापनका लागी आवश्यक बजेट विभिन्न किसिमका आर्थिक स्रोतहरुबाट प्राप्त हुने गर्दछ । नेपाल सरकार बाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, अस्पतालले विभिन्न किसिमका सेवा प्रवाह वापत लिने गरेको आन्तरिक आय तथा गैर सरकारी निकाय बाट प्राप्त हुने रकम रामेछाप अस्पतालका प्रमुख आयका स्रोतहरु हुन ।

रामेछाप अस्पतालको आ.व.२०८२/२०८३ को आय तथा व्ययको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

आ.व. २०८२८३ को वार्षिक भौतिक तथा वित्तिय प्रगति प्रदेश अनुदान तर्फः

बजेटको शीर्षक	विनियोजित बजेट	खर्च भएको बजेट	वित्तिय प्रगति प्रतिशत(%)	भौतिक प्रगति प्रतिशत(%)
चालु तर्फ	५७१५६३१७/-	४७३३५६७२/-	८२.८२%	१००%
पँजिगत तर्फ	११२०००००/-	१०६०८७२/-	९४.७२%	१००%
कुल जम्मा	५८२७६३१७/-	४८३९६५४४/-	८३.०५%	१००%

आ.व. २०८२/८३ को वार्षिक भौतिक तथा वित्तिय प्रगति संघ सशर्त अनुदान तर्फः

बजेटको शीर्षक	विनियोजित बजेट	खर्च भएको बजेट	वित्तिय प्रगति प्रतिशत(%)	भौतिक प्रगति प्रतिशत(%)
चालु तर्फ	१,११,४२,०००/-	८०,८५,०००/-	७२.५६%	१००%
पुजिगत तर्फ	५७,००,०००/-	३५,४०,७९३/-	६२.११%	१००%
कुल जम्मा	१,६८,४२,०००/-	१,१६,२५,७९३/-	७०%	१००%

आ.व. २०८२/८३ को अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति तर्फको वार्षिक भौतिक तथा वित्तिय प्रगति

बजेटको शीर्षक	विनियोजित बजेट	खर्च भएको बजेट	वित्तिय प्रगति प्रतिशत(%)	भौतिक प्रगति प्रतिशत(%)
चालु तर्फ	४,०५,३५,०००/-	२,८१,१८,००३/-	६९.३७%	८५%
पुजिगत तर्फ	१०,००,०००/-	८,१०,६६२/-	८१%	१००%
कुल जम्मा	४,१५,३५०००/-	२,८१,१८,००३/-	७०%	१००%

आ.व. २०८२/०८३ को अ.सं.त.व्य.समितिको विवध कोष तर्फको आर्थिक विवरणः

जम्मा आम्दानि अल्या	खर्च	मौज्दात
३,८४,८१,३१५.८५/-	२,८९,२८,६६५.७४/-	९५,५२,६५०.११/-

४. अस्पतालबाट प्रवाहित अन्य विविध कार्यक्रम तथा सेवाहरु

४.१ इवार्स (Early Warning and Reporting System)

महामारी जन्य रोगहरुको तत्काल सूचना प्रवाह गर्न सूचना व्यवस्थापन प्रणाली सुदृढ गर्ने उद्देश्य बमोजिम संचालीत यो कार्यक्रम रामेछाप अस्पतालले संचालन गरेपश्चात रोगहरूको तोकिएको समयमा नियमित प्रतिवेदन भएको छ। रामेछाप अस्पतालमा देखिएका किटजन्य रोग तथा महामारीजन्य रोगहरुको अवस्था बारे यस अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई आ.व. २०८२/८३ मा १ पटक सञ्चालन गरि अभिमुखीकरण कार्यक्रममार्फत जानकारी प्राप्त गराइएको छ ।

मूख्य उपलब्धीहरु

- EWARS मा रिपोर्टिङ गर्नुपर्ने महामारीजन्य रोगहरुबारे समयमै रिपोर्टिङ भएको छ
- EWARS का रिपोर्टेबल रोगहरुबारे अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरु स्पष्ट रुपमा जानकारी भएका छन ।

Top diseases reported (EWARS)

RAMECHHAP HOSPITAL					
Period / Disease Name	AGE	Dengue	Enteric Fever	SARI	Total
Jul २०२३ to Jun २०२४	५८	४०	५	०	१०३
Jul २०२४ to Jun २०२५	१४	१६	३	०	३३
Jul २०२५ to Jun २०२६	३३	१६	८	०	५७

४.२ MPDSR कार्यक्रम

अस्पतालमा हुने मातृ तथा पेरिनेटल मृत्युको समीक्षा गरी मृत्युका कारणको पहिचान गर्ने र भविष्यमा त्यस्ता मृत्युहरु हुन नदिन आवश्यक उपायहरु पहिचान गरी कार्य योजना तयार गर्ने र मृत्यु सम्बन्धी सूचना प्रणालीलाई व्यवस्थीत गर्ने उद्देश्य बमोजिम अस्पतालमा यो कार्यक्रम आ.व. २०७७/७८ मा प्रथम पटक सन्चालन गरिएको थियो। यस कार्यक्रम अन्तर्गत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई मातृ तथा पेरिनेटल मृत्यु सम्बन्धी अभिमुखिकरण गराइएको थियो। मातृ तथा पेरिनेटल मृत्यु भएको अबस्थामा समितिका कर्मचारीहरु बसी समीक्षा बैठक तथा अस्पतालमा मातृ मृत्यु भएको ७२ घण्टा भित्र तथा पेरिनेटन मृत्युको मासिक रुपमा समिक्षा गरी के कारणवाट त्यस्तो मृत्यु भएको हो सोको कारण पहिचान गरि आगामी दिनमा त्यस्तो अवस्था आउन नदिन कार्ययोजना बनाई यस आ.व.को २०८२/८३ को पेरिनेटल मृत्युको बारेमा समीक्षा कार्यक्रम सम्पन्न गरिसकेको अवस्था रहेको छ ।

कार्यक्रमबाट प्राप्त उपलब्धीः-

- अस्पतालमा भएका पेरिनेटल मृत्युको कारण पहिचान गर्न नियमित रुपमा केशको आधारमा प्रत्येक महिना एमपिडिएसआर कमिटिको समिक्षात्मक बैठक
- यस कार्यक्रम सम्बन्धी अस्पतालमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन भएको छ र भाविदिनमा त्यस्ता मृत्यु रोक्नका लागि कस्तो कार्ययोजना बनाइयो र ति कार्ययोजनाको कार्यान्वयनको अवस्थाबारे अस्पतालका कर्मचारीहरुलाई जानकारी गराउने उद्देश्य बमोजिम समिक्षा कार्यक्रम सम्पन्न गरिएको थियो।

४.३ नियमित CME (Continue Medical Education) कार्यक्रम संचालन

रामेछाप अस्पतालले विगत ४ आर्थिक वर्ष देखि नियमित रूपमा प्रत्येक हप्ताको शुक्रबारका दिन अस्पतालका कर्मचारीहरुलाई स्वास्थ्य सम्बन्धी समसामयीक विषयमा जानकारी गराउने उद्देश्य बमोजिम नियमित रूपमा सिएमई कक्षा संचालन गरिरहेको छ। यस अस्पतालमा कार्यरत प्राविधिक कर्मचारीहरूले नियमित रुपमा स्वास्थ्य क्षेत्रका विभिन्न विषयहरुमा छलफल तथा प्रस्तुति मार्फत यो कार्यक्रम संचालन गर्ने गरिन्छ ।

४.४ मासिक HMIS Data Verification र समीक्षा कार्यक्रम सञ्चालन

अस्पतालबाट नियमित प्रवाह भइरहेको सेवाहरुलई DHIS-२ Platform मा HMIS का विविध सूचकहरुलाई मासिक रुपमा प्रतिवेदन गर्नुपर्ने हुँदा सोही तथ्याङ्कहरुको आपसी छलफल, मूल्याङ्कन गरि प्रतिवेदन गर्नका लागि प्रदेश कार्यक्रम अन्तर्गत मासिक HMIS Data Verification र समीक्षा मासिक रूपमा नियमित सम्पन्न भइरहेको छ। जसमा अस्पतालका सम्पूर्ण शाखा प्रमुख तथा आमन्त्रित कर्मचारीहरुको सहभागिता रहेको हुन्छ । जसबाट तथ्यांङ्क रेकर्ड गर्दा होसियारीपूर्वक गर्ने तथा तुरुन्त रिपोर्ट गर्नुपर्ने, रोग तथा परीक्षणको बारेमा मेडिकल रेकर्डलाई जानकारी गराउने कार्य भइरहेको छ ।

४.५ महामारी नियन्त्रणको लागि Rapid Response Team

विभिन्न किसिमका रोग, महामारी तथा विपद्को कारण सृजित आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्‍याउन, त्यस्तो अवस्थाको पहिचान, प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि

जनस्वास्थ्य सेवा ऐन २०७५ का दफा ४८ का उपदफा १ र जनस्वास्थ्य सेवा नियमावली २०७७ को दफा २७ को उपदफा १ र २ ले निर्दिष्ट गरे बमोजिम आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवाको व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले द्रुत प्रतिकार्यटोली (Rapid Response Team) गठन गर्नुपर्ने भएकोले र मन्त्रालय अन्तर्गतका निकायहरुले पनि यस Rapid Response Team गठन गर्नुपर्ने भएकोले यस रामेछाप अस्पतालले उक्त टोली बिगतका आ.ब.देखि गठन गर्दै आएको छ।

४.६ Continuous Professional Development (CPD)

यस अस्पतालमा नर्सिङ कर्मचारीहरुद्वारा विभिन्न स्वास्थसम्बन्धी विषयहरुमा नर्सिङ कर्मचारीहरुको लागी महिनाको पहिलो शुक्रबार CPD कक्षा सञ्चालन भइरहेको छ । यस कक्षाले नर्सहरुको लागि ज्ञान र सीपको निरन्तर विकास गर्दछ ।

४.७ भौतिक पुर्वाधार मर्मत सम्भार

यस अस्पतालले यस आर्थिक वर्षमा बिगतका वर्षदेखि पुराना देखिरहेका क्वाटरहरुको मर्मत सम्भार गर्नुका साथै अस्पतालको भवन तथा परिसर भित्रका संरचनाहरूमा रंगरोगन कार्य गरेको छ। अस्पताल सुदिढीकरणको बजेट उपलब्धताका कारण यस आर्थिक वर्षमा अस्पताल परिसरमा पार्किङको निर्माण कार्य सम्पन्न गरिएको छ। साथै अस्पतालको परिसरमा रहेको प्रयोगमा नआएको भवनको पुन निर्माण कार्य गरि नर्सिङ आवासको रुपमा प्रयोग गरिएको छ।

५. अस्पतालको वर्तमान अवस्था विश्लेषण तथा भावी कार्यदिशा

५.१ अस्पतालका सवल पक्षहरु

- अस्पतालको सुविधा सम्पन्न भौतिक पूर्वाधार,
- २४ सै घण्टा आकस्मिक, प्रयोगशाला, फार्मेशी, आन्तरङ्ग, प्रयोगशाला तथा एक्सरे सेवा,
- २४ सै घण्टा आकस्मिक शल्यक्रिया सेवा,
- विभिन्न विशेषज्ञ सहितको बाहिरङ्ग सेवा
- मृगौला रोगीहरुको लागि हेमोडायलाईसिस सेवा
- दैनिक रुपमा विशेषज्ञ चिकित्सक वा तालिम प्राप्त चिकित्सकद्धारा अल्ट्रासाउण्ड सेवा
- आधुनिक औजार उपकरणको व्यवस्था (Patient Monitor, Portable USG, Digital X-ray),
- प्रयोगशालामा CLIA, Fully Biochemistry Analyzer, 5 Parts hematology आदि आधुनिक उपकरण उपलब्ध हुनु।

- अस्पतालमा व्यवस्थित १ वटा शल्यक्रिया कक्ष (OT) उपलब्ध हुनु।
- अस्पतालमा अक्सिजन प्लान्ट तथा अक्सिजन सिलिन्डर रिफिलिङ सेवा उपलब्ध हुनु।
- अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सेवा उपलब्ध हुनु।
- सामाजिक सेवा एकाइमार्फत विपन्न तथा लक्षित सेवाग्राहीलाई आवश्यक सहजीकरण र सेवा उपलब्ध हुनु।
- अस्पताल परिसरको सुरक्षालाई मध्येनजर गर्दै जडित CCTV,
- अस्पतालको वेभसाइड तथा सूचना प्रवाह प्रक्रिया, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारीको व्यवस्था,
- कर्मचारीहरू दैनिक कार्य तथा जिम्मेवारीप्रति प्रतिबद्ध र उत्तरदायी हुनु।
- अस्पताल व्यवस्थापन समितिका अध्यक्ष तथा समितिका पदाधिकारीहरुको सकारात्मक सोच, अस्पताल विकासका गतिविधिप्रतिको चासो तथा सहयोग।
- अस्पतालको भौतिक पूर्वाधार तथा सेवा विकासका लागि गुरुयोजना (Hospital Master Plan) तयार हुनु ।
- एम्बुलेन्स तथा शवबहान सेवा उपलब्ध हुनु।
- अस्पतालमा विद्युतीय बिलिङ प्रणाली (Electronic Billing System) सञ्चालनमा हुनु। ब्लड बैंक स्थापना,
- बिरामी तथा कर्मचारीका लागि स्वच्छ खानेपानीको व्यवस्था गर्न वाटर प्युरिफायर जडान गरिएको। कर्मचारीहरुको Electronic हाजिरीको व्यवस्था,
- अस्पतालमा ११०० KVA Transformer जडान।

५.२ अस्पतालका प्रमुख समस्याहरु

- विभिन्न शाखाहरुमा उपलब्ध जनशक्तिमा कार्यभार बढी हुनु।
- केही सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक उपकरण र सामग्रीको अपर्याप्तता।
- अस्पतालको भौतिक पूर्वाधार तथा कक्षहरूको सीमितता।
- सेवाग्राहीको चापअनुसार सेवा कक्ष तथा प्रतीक्षालय पर्याप्त नहुनु।
- उपकरण मर्मतसम्भार तथा नियमित सञ्चालनका लागि पर्याप्त बजेटको चुनौती।
- अस्पतालको विकास र सेवा विस्तारका लागि आवश्यक बजेट तथा स्रोतसाधनको सीमितता।
- दुर्गम क्षेत्रका सेवाग्राहीलाई अस्पतालसम्म आउजाउ गर्न कठिनाइ हुनु।
- स्वीकृत दरवन्दी अत्यन्त न्युन भएको साथै विशेषज्ञ चिकित्सक तथा अन्य प्राविधिक कर्मचारीहरुको व्यवस्थापन हुन नसक्नु।

- फोहोरमैलाको उचित व्यवस्थापन गर्न भौतिक संरचनाहरु निर्माणको लागि बजेट प्राप्त नहुनु।
- सम्पुर्ण कर्मचारीहरुको लागि आवास गृहको व्यवस्थापनमा चुनौति।
- ५० वेडको मापदण्ड बमोजिम इमेजेन्सी, अन्तरंग र बहिरंग लगायत अन्य स्वास्थ्य सेवा प्रवाह गर्न अपर्याप्त कार्यकक्षहरू।
- संक्रमितको उपचारमा संलग्न बिरामीलाई छुटै क्वारेन्टिन भवन/वार्ड व्यवस्थापन गर्न नसक्नु।
- मेडिको लिगल र पोष्टमार्टम केश जाँचको लागि आवश्यक तालिमको अभाव।
- बिशेषज्ञ चिकित्सक, चिकित्सक लगायत अन्य कर्मचारीहरुको छोटो समयमा नै परिवर्तन।

५.३ अस्पतालका प्रमुख चुनौतीहरु

- विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीको उपलब्धता र टिकाइराख्नु।
- सीमित जनशक्तिबाट सेवा निरन्तर र प्रभावकारी रूपमा सञ्चालन गर्नु।
- सेवाग्राहीको बढ्दो चापअनुसार पूर्वाधार, उपकरण तथा सेवा विस्तार गर्नु।
- आधुनिक उपकरणको नियमित मर्मतसम्भार र सञ्चालन सुनिश्चित गर्नु।
- दुर्गम क्षेत्रका सेवाग्राहीलाई समयमै अस्पतालसम्म पहुँच पुऱ्याउनु।
- उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्दै सेवाको गुणस्तर र सेवाग्राहीको सन्तुष्टि कायम गर्नु।
- कार्यक्रमहरू कार्यान्वयन गर्दा कार्य तालिका अनुसार कार्य संचालन गर्नु।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्नु।

५.४ अस्पतालका वर्तमान अवसरहरु

- संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने नीति, कार्यक्रम र बजेटमार्फत अस्पतालको पूर्वाधार तथा स्वास्थ्य सेवा विस्तार गर्ने अवसर।
- अस्पताल व्यवस्थापन समितिको सक्रियता र सहयोगबाट सेवा सुधार तथा विकासका कार्यक्रम अघि बढाउने सम्भावना।
- हाल कार्यरत विभिन्न विषयका विशेषज्ञ चिकित्सकलाई निरन्तरता दिँदै उहाँहरूको विशेषज्ञता र अनुभवको उपयोग गरी सेवा प्रवाहमा सुधार गर्ने अवसर।
- व्यवस्थित शल्यक्रिया कक्ष तथा उपलब्ध जनशक्ति र उपकरणको उपयोग गर्दै शल्यक्रिया सेवाको दायरा विस्तार गर्ने अवसर।

५.५ अस्पतालको भावी कार्ययोजना

- हाल कार्यरत विशेषज्ञ चिकित्सकलाई निरन्तरता दिँदै विशेषज्ञ सेवा थप प्रभावकारी बनाउने।
- शल्यक्रिया सेवाको दायरा विस्तार गरी आवश्यकताअनुसार थप प्रकारका अपरेशन सञ्चालन गर्ने।
- अस्पतालको गुरुयोजनाअनुसार भौतिक पूर्वाधार तथा सेवा कक्षको विकास गर्ने।
- आवश्यक जनशक्ति, आधुनिक उपकरण तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन गरी सेवा क्षमता अभिवृद्धि गर्ने।
- रामेछाप अस्पताललाई कम्तीमा १०० शय्याको अस्पतालमा स्तरोन्नति गर्ने।
- अस्पतालको गुरुयोजना अनुरूप अस्पतालका क्रियाकलाप निर्दिष्ट गर्ने ।
- अस्पतालका वार्ड तथा उपचार कक्षमा सहज र निरन्तर अक्सिजन आपूर्ति सुनिश्चित गर्न केन्द्रीय अक्सिजन प्रणाली (Central Oxygen System) जडान गर्ने।
- अस्पतालजन्य फोहोरमैला सुरक्षित रूपमा वर्गीकरण, संकलन, प्रशोधन तथा विसर्जन गर्न प्रभावकारी व्यवस्थापन प्रणाली विकास गर्ने।
- आवश्यक पूर्वाधार, जनशक्ति तथा सम्बन्धित निकायको स्वीकृति जुटाई रामेछाप अस्पतालसँग सम्बन्धित नर्सिङ कलेज स्थापना गर्ने।

५.६ सल्लाह तथा सुझावः

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य निर्देशनालय, बागमती प्रदेश; रामेछाप नगरपालिका; स्वास्थ्य कार्यालय; रामेछाप जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्था र साझेदारी संस्थासँगको समन्वय, सल्लाह तथा सुझावका साथै अस्पतालका कर्मचारीद्वारा सम्पादित कार्यहरूको HMIS तथा अन्य रजिस्टरमा अभिलेखित विवरण र प्रतिवेदनका आधारमा यो वार्षिक प्रतिवेदन तयार गरिएको हो।

प्रतिवेदन तयार तथा सम्पादन गर्ने क्रममा अनजानवश कुनै कमी, कमजोरी वा त्रुटि भएको भए क्षमाप्रार्थी छौं। आगामी दिनमा प्राप्त हुने सल्लाह, सुझाव तथा पृष्ठपोषणका आधारमा आवश्यक सुधार गरी अर्को संस्करणमा समेट्ने प्रतिबद्धता व्यक्त गर्दछौं।


यस प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण निकाय, संघसंस्था, साझेदारी संस्था तथा अस्पतालका कर्मचारीहरूप्रति मेडिकल रेकर्ड सुपरभाइजर र रामेछाप अस्पताल परिवारका तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं।

६. अस्पतालमा संन्चालन भएका केहि कार्यक्रमसँग सम्बन्धित तस्बिरहरु

मुख्य औजार उपकरणहरु



ULTRASOUND MACHINE



DIALYSIS MACHINE




ELECTROLYTE ANALYZER



C-ARM



C-ARM COMPACTABLE OT TABLE



FULLY BIO-CHEMISTRY ANALYZER



FULLY AUTOMATIC HEMATOLOGY ANALYZER



CLIA MACHINE



VENTILATOR

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

रामेछाप अस्पताल

उपलब्ध विशेषज्ञ चिकित्सक (Consultant/Specialist)



डा. सागर जर्घामगर
MBBS (TU), MS ORTHOPEDICS (BPKIHS,DHARAN)
हार्डजोर्नी तथा नशा रोग विशेषज्ञ




डा. सुरोज हाकुदुवा
MBBS, MS ORTHOPEDICS (BPKIHS,DHARAN)
हार्डजोर्नी तथा नशा रोग विशेषज्ञ



डा. कल्पना बज्राचार्य
MBBS, MD OBSTETRICS & GYANECOLOGY (NAMS)
स्त्री तथा प्रशुति रोग विशेषज्ञ



डा. मुना के.सी.
MBBS, MD OBSTETRICS & GYANECOLOGY (BPKIHS)
स्त्री तथा प्रशुति रोग विशेषज्ञ




डा. प्रकाश ढुङ्गेल
MBBS, MD INTERNAL MEDICINE (PAHS)
जनरल फिजिसियन



डा. बिजया सत्याल
MBBS, MD PSYCHIATRY (PAHS)
मानसिक तथा नशा रोग विशेषज्ञ



डा. सौरभ कार्की
MBBS, MDGP&EM (BPKIHS)
एम.डी.जि.पी. (MDGP&EM)





OTHOPEDIC SURGERY








CESAREAN SECTION



DENTAL SERVICE





FREE DISTRIBUTION OF CD/RPD TO SENIOR CITIZENS AGED 65 AND ABOVE.



DIALYSIS SERVICE



INPATIENT WARD (MATERNITY)

बागमति प्रदेश स्वास्थ्य मन्त्री माननीय उत्तम जोशी ज्यूद्वारा ICU सेवा शुभारम्भ (२०८०/०९/२४)









KFW PROJECT द्धारा अस्पताल अनुगमा



तत्कालीन संघीय स्वास्थ्य मन्त्री माननीय डा.सुधा शर्मा गौतमज्यूद्धारा अस्पताल अनुगमन तथा भ्रमण



तत्कालीन स्वास्थ्य मन्त्री माननीय किरण थापामगरज्यूद्धारा अस्पताल अनुगमन तथा भ्रमण



संघीय अर्थ समितिका संयोजक माननीय कृष्ण हरि बुढाथोकीज्यूद्धारा अस्पताल अनुगमन तथा भ्रमण



बागमती प्रदेशका अर्थ समितिका माननीयज्यूहरुद्धारा अस्पताल अनुगमन तथा भ्रमण


विपद् व्यवस्थापन सम्बन्धि ड्रिल अभ्यास, २०८२
विपद् व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम
FIRE EXTINGUISHER MOCK DRILL
प्रतिभागि सहयोग
आयोजक
खड्गदल अण
रामेछाप अस्पताल


Emergency Preparedness Plan
General Ward
ICU
OT
First floor
Maternity Room
Conference Room
General Ward
Nursing Section
Quaters
Quaters
Quaters
Public Health Office
Waste House
Laundry
Mortuary
Hospital Kitchen
Water Tank
C.S.S.D.
Female Toilet
Male Toilet
Female Toilet
Male Toilet
OPD Exa. Room-7
OPD Social Room-6
ECH CLINIC-5
Medicine Store
Accident Record Room
Medicine Lab
Police Room
DHIP
Assembly Hall
Tempat
Doctor Quaters
Waiting Area
Ground floor
X-ray Room-5
LAB Room-4
OPD Room-3
OPD Room-2
OPD Room-1
SSU
Ticker Counter
Waiting Area
Pharmacy
Accident Record Room
EMERGENCY
Triage Area
Canteen
Quaters
Store
Gate


"गणतन्त्र दिवस २०८३"
निःशुल्क स्वास्थ्य शिविर


रामेछाप अस्पताल
प्रजातन्त्र दिवस तथा राष्ट्रिय दिवस-२०८३
प्रजातन्त्र दिवस तथा राष्ट्रिय दिवस-२०८३
प्रमाणपत्री कार्यक्रम
नेपाल विद्युत प्राधिकरण
रामेछाप वितरण केन्द्र, मन्थली






रामेछाप अस्पताल, रामेछाप




मुस्कान सहितको स्वास्थ्य सेवा


रामेछाप अस्पताल, रामेछाप
EMERGENCY
Minimum Service Standard (MSS) & Clinical Audit


Progress of hospital by MSS score trend in Hospital
100%
90%
80%
70%
60%
50%
40%
30%
20%
10%
0%
57%
84%
87%
91%
89%
93%
2078
9/9/1905
9/10/1905
2080 (15 Beded...
2081(15 Beded...
Latest (50 Beded...


Progress of hospital by Clinical Audit score trend in Hospital
80%
70%
60%
50%
40%
30%
20%
10%
0%
57%
73%
Previous 2081
Latest 2082



आ.व. २०८२/८३ को अर्धवार्षिक उत्कृष्ट कर्मचारी पुरिस्कृत



नियमित CME/CPD कार्यक्रम














बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
रामेछाप अस्पताल
रामेछाप, नेपाल
मातृ प्रतिक्षा गृह
MATERNITY WAITING HOME
अस्पतालमा संस्थागत प्रसुति दर बढाउन साथै गुरुपास्तरीय सेवा प्रदान गर्न गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क रुपमा मातृ प्रतिक्षा गृहद्वारा निम्न सेवाहरु निशुल्क रहेको छ ।
यस सेवा लिनको लागि जुनसुकै बेलापनि गर्भवती तथा सुत्केरी महिलाहरु गृहमा बस्नको लागि व्यवस्था रहेको छ
सेवाहरु :
✓ बस्नको लागि छुट्टै गृहको व्यवस्था रहेको ।
✓ गर्भवती महिला र सुत्केरीलाई खाना र खाजाको व्यवस्था रहेको ।
✓ कुरुवालाई पनि खाना र बस्नको व्यवस्था रहेको ।
✓ २४ सै घण्टा स्वास्थ्यकर्मीहरुको निगरानी रहेको ।
✓ निशुल्क प्रसुति सेवा ।
✓ निशुल्क प्रसुतिजन्य शल्यक्रिया सेवा (Caesarean Section) ।
✓ नवजात शिशुको निशुल्क उपचार सेवा ।
माथि उल्लेखित सम्पुर्ण सेवाहरु निशुल्क रुपमा प्रवाह गर्दै आएको जानकारी गराउदछौं ।
थप जानकारी : ९७६५२०३३८४ (सूचना अधिकारी)। ९७६५२०३३८४ (नर्सिङ कर्मचारी) ।


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
रामेछाप अस्पताल
रामेछाप, नेपाल
६५ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई कृतिम दाँत (CD, RPD) निःशुल्क सेवा प्रदान गर्ने
हाम्रा सेवाहरू
दाँत तथा मुखको परिक्षण (Dental Check–up)
दाँतको एक्स–रे (X–ray)
दाँत सफा गर्ने (Scaling)
दाँत भर्ने (Filling)
दाँतको जरै देखि उपचार (RCT)
६५ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई कृतिम दाँत (CD, RPD) निःशुल्क सेवा प्रदान गर्ने
मुख गन्हाउने समस्याको उपचार (Treatment of bad breath)
बच्चाहरुको दाँतको विशेष उपचार (Pedodontic Treatment)
काम नलाग्ने दाँतलाई निकाल्ने (Extraction)
यहाँ मुख तथा दाँत सम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।
सम्पर्क नं: ५८०७६०७२८८ / ५७६५२०३३८४


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल रामेछाप
रामेछाप, नेपाल
सामाजिक सेवा इकाई मार्फत सेवा लिने लक्षित समुहका विरामिहरु
अति गरिब तथा गरिब
असहाय
अपाङ्गता भएका व्यक्तिहरु
ज्येष्ठ नागरिक
लैङ्गिक हिंसा पीडित
महिला स्वास्थ्य स्वयंसेविका
प्राकृतिक विपतमा परेका
शहिद परिवार
कुपोषित परिवार
सिमान्तकृत तथा लोपोन्मुख आदिबासी जनजाति
अभिभावक विहिन दुर्घटनामा परेको
थुनुवा प्रहरीले ल्याएको


आई.सि.यु., एन.आई.सि.यु. र क्यान्सि बाहेकका अन्य ८१९ वटा बेडहरू भाद्र १, २०८० देखि निःशुल्क गरिएको छ ।
अस्पताल
निःशुल्क बेड संख्या
हेटौंडा अस्पताल, मकवानपुर
१७५
सिन्धुली अस्पताल, सिन्धुली
७७
भिमशुली अस्पताल, नुवाकोट
९२
पशुपती चौलागाई मेमोरियल अस्पताल, दोलखा
४५
धादिङ अस्पताल, धादिङ
७९
भज्जमाती भागगाउँ अस्पताल, ललितपुर
२५
भक्तपुर अस्पताल, भक्तपुर
७५
रसुवा अस्पताल, रसुवा
१९
चौतारा अस्पताल, सिन्धुपाल्चोक
३६
टोखा चन्द्रेश्वरी अस्पताल, काठमाण्डौं
२५
मेलौनकोट अस्पताल, काभ्रेपलान्चोक
५१
रामेछाप अस्पताल,रामेछाप
३६
बकुलहर रत्ननगर अस्पताल, चितवन
७६
जम्मा
८१९
जागमती प्रदेशका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरूबाट Rehabilitation Services/Physiotherapy निःशुल्क उपलब्ध गराइने ।
स्वास्थ्य मन्त्रालयले बागमती प्रदेशका सबै सरकारी, निजी, सहकारी तथा सामुदायिक अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी असहाय, अपाङ्ग (क र ङ), विपन्न वेवारिसे विरामीहरुको उपचार व्यवस्थित गर्ने निर्णय गरेको छ ।
बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल


अस्पताल कार्य सञ्चालन निर्देशिका, २०८२
अस्पताल कार्य संचालन निर्देशिका २०८२
बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
रामेछाप अस्पताल
रामेछाप-०८, रामेछाप, नेपाल
अस्पताल फार्मेशी फर्मुलरी, २०८०
HOSPITAL FORMULARY
2080
District Hospital Ramechhap
वार्षिक प्रतिवेदन, आ.व.२०८१/८२
वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०८१/८२
बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
रामेछाप अस्पताल
रामेछाप-०८, रामेछाप, नेपाल